# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २१० | काठमाडौं | मंगलबार, ११ मंसिर २०८१ | Prabhab National Daily | Tuesday, November 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


# एमाले नेता अधिकारीलाई उन्मुक्ति, ११ जनाविरूद्ध मुद्दा

■ जेबी योञ्जन



- कोशीका पूर्वमन्त्री अधिकारीविरूद्ध मानव तस्करीमा मुद्दा नचल्ने सरकारी वकिलको कार्यालयको निर्णय
- यसबारे महान्यायाधिवक्ता कार्यालयबाट निर्णय हुन बाँकी
- अधिकारीलाई उन्मुक्ति दिए कानुनी चुनौतीको सम्भावना

**काठमाडौं–** मानव तस्करीजस्तो गम्भीर आरोप लागेका कोशी प्रदेशका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री लिलावल्लभ अधिकारीले उन्मुक्ति पाएका छन् । प्रदेश र संघीय मन्त्रिपरिषद् तथा परराष्ट्र मन्त्रालयबाट स्वीकृति नलिई सुटुक्क मानव तस्करीको आरोप लागेकाहरूसँग जापान गएका अधिकारीविरुद्ध मुद्दा नचल्ने निर्णय सोमबार सरकारी वकिलको कार्यालय काठमाडौंले गरेको छ ।

निर्णयमा भनिएको छ, 'प्रतिवादी लिलावल्लभ अधिकारी स्वयंले जापानको नारिता विमानस्थलबाट घटनाको सम्बन्धमा नेपाल प्रहरीलाई जानकारी दिएको । जापान सरकारले अन्य प्रतिवादीहरूलाई एक्सक्लुजन अर्डरबाट डिपोर्ट गरेकोमा निज लिलावल्लभ अधिकारीको हकमा निज स्वयंले अनुरोध गरी फिर्ता भई आएको देखिएकोले मुद्दा नचल्ने आधार स्पष्ट हुने ।'

यो बाहेक सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय गर्ने क्रममा अन्य आरोपीको बयानलाई पनि आधार मानेको छ । अन्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा अधिकारीको संलग्नता सम्बन्धमा केही नबोलेको र त्यसले गर्दा पनि उनीविरुद्ध मानव तस्करीसम्बन्धी कसूरमा मुद्दा नचल्ने वकिल कार्यालयको ठहर छ ।

अधिकारीले आरोपित कसूरमा इन्कार रही बयान गरेको र तत्काल पक्राउ परेका प्रतिवादीहरू महेश पाण्डेसमेतको बयान व्यहोरामा पनि अधिकारीको नाम नरहेको भन्ने अर्को आधारले पनि मुद्दा नचलाउने निर्णयमा पुगेको उल्लेख छ । मिसिल संलग्न रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सिसिटिभी फुटेजमासमेत अधिकारी एक्लै सवार भएको देखिनुलाई पनि मुद्दा नचल्ने आधार बनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट जापान प्रस्थान भएपश्चात् महेश पाण्डेले पठाएका ह्वाट्सएप म्यासेजसमेत हेरेको नदेखिएको र निजको कल डिटेल्स हेर्दा पक्राउ परेका प्रतिवादीहरूसँग सम्पर्क भएको नदेखिनुले मुद्दा चल्ने अवस्था नदेखिएको भनिएको छ ।

आरोपीमध्येका जनक राईसमेतको कीर्ते गरी बनाएको हस्ताक्षरसँग नमूना परीक्षण गर्दा अधिकारीको हस्ताक्षर नमिल्नाले मुद्दा चलाउन नसकिने सरकारी वकिल कार्यालयका सूचना अधिकारी चन्द्र सञ्जेलले प्रभावसँग बताए । उनका अनुसार कञ्चन देवकोटासमेतसँग हङकङको ट्रान्जिटमा गएपछि मात्र भेटघाट भएको देखिएको छ । यस कारणले पनि मुद्दा चलाउने निष्कर्षमा सरकारी वकिल कार्यालय नपुगेको उनले बताए ।

'कञ्चनसँग यहीँ (नेपालमा) भेट भएको देखिएन । उतै हङकङमा मात्रै भेट भएको देखियो र घटनाबारे आफैँले उजुर (जानकारी) गरेको, अन्यले बयानमा नपोलेको, इन्कारी बयान गरेको, विमानस्थलको सीसीटीभीमा समेत आरोपीहरू सँगै अधिकारीको भेट नभएकोलगायतका कारणले मुद्दा नचलाउने निर्णय गरेर माथिल्लो निकायमा पठाइएको छ,' सञ्जेलले प्रभावसँग भने ।

सञ्जेलले भनेको माथिल्लो निकाय महान्यायाधिवक्ता कार्यालय हो । प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमालेका नेतासमेत रहेका अधिकारीविरुद्ध महान्यायाधिवक्ता कार्यालयबाट मुद्दा नचल्ने निर्णय हुन्छ कि हुँदैन ? चासोपूर्वक हेरिएको छ । किनभने यदि महान्यायाधिवक्ताको कार्यालयले पनि मुद्दा नचल्ने भन्दै उन्मुक्ति दिएको अवस्थामा अधिकारी राजनीतिक भूमिकामा सक्रिय हुन पाउँछन् ।

(क्रमशः पृष्ठ २ मा)

# 'बिआरआई'मा ओलीको मध्यमार्गी लाइन

- बिआरआईबारे विवाद बढेपछि यसबारे निर्णय लिन प्रधानमन्त्री ओलीले पूर्वप्रधानमन्त्रीहरु र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग छलफल
- बिआरआईमा तत्काल ऋण नलिने तर यसको निरन्तरताका लागि केही विषयमा सहमति गर्ने तयारीमा प्रधानमन्त्री ओली

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रमुख सत्तासहयात्री नेपाली कांग्रेसले बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई)मा तत्काल ऋण लिन नहुने भन्दै आफ्नो अडान नछाडेपछि प्रधानमन्त्री केपी शर्मा ओली लचक बनेका छन् । आसन्न भ्रमणमा चीनले चासोका साथ हेरेको बिआरआईबारे विवाद बढेपछि यसबारे निर्णय लिन प्रधानमन्त्री ओलीले पूर्वप्रधानमन्त्रीहरू र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग सिंहदरबारमा सोमबार छलफल गरे ।

उक्त छलफलपछि प्रधानमन्त्री ओलीले बिआरआईमा तत्काल ऋण नलिने तर यसको निरन्तरताका लागि केही विषयमा सहमति भने गर्ने तयारी गरेका छन् । 'नेपाल र नेपालीको हितमा अघि बढ्छु भन्नुभएको छ । यो भ्रमणमा नयाँ एग्रिमेन्ट (सम्झौता)मा जानेभन्दा पनि पुराना सम्झौता कार्यान्वयनमा जाने कुरामा एकमत भएको छ,' छलफलपछि पूर्वपरराष्ट्रमन्त्री एवं चीनका लागि पूर्वराजदूत महेन्द्रबहादुर पाण्डेले भने । नेपाली कांग्रेसबाहेक अरु दलले बिआरआईलाई प्राथमिकतामा राखेको देखिएपछि यो विषय अहिले सबैको चासोको विषय बनेको हो ।

साझा लगानी र साझा प्रतिफल लिने लक्ष्यसहित सन् २०१३ मा चीनका राष्ट्रपति सि चिनफिङले अघि सारेको 'बेल्ट एण्ड रोड इनिसियटिभ'का विषयमा के गर्ने भन्नेबारे यसअघि प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच छलफल भएको थियो । प्रधानमन्त्रीले सिंहदरबारमा बैठक राख्नुअघि नै जनकपुर पुगेर सोमबार देउवाले ऋण नलिने अडान दोहोऱ्याएको थिए । 'ग्रान्ट लिने हो, लोनचाहिँ लिने होइज,' जनकपुर विमानस्थलमा सञ्चारकर्मीसँग देउवाले भने ।

### सहमति गर्नुपर्नेमा वामपन्थी धारको जोड

एकीकृत समाजवादीका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले बिआरआई परियोजनाबाट नेपालले लाभ लिनसक्ने बताए । 'बिआरआई स्वीकार गर्दै आएको विषय हो । यो नेपालको हितको विरुद्धमा छैन । हाम्रो मुलुकले यसबाट लाभ लिनुपर्छ,' पूर्वप्रधानमन्त्री नेपालले भने ।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले बिआरआई नेपालमा मात्रै नभई १४३ मुलुकमा यो परियोजना पुगेकोले 'ग्लोबल प्रोजेक्ट'का रूपमा लिनुपर्ने बताए । 'यतिका देशले लिएका बिआरआई प्रोजेक्ट नेपालका लागि पनि लाभदायक हुन्छ । ऋण लिनै हुँदैन भन्ने कुरा पूर्वाग्रहपूर्ण हो,' खनालले भने । उनले बिआरआईबाट ऋण लिन नहुने नीति बनाउन खोजिएको हो भने त्यो आपत्तिजनक हुने पनि बताए ।

(क्रमशः पृष्ठ २ मा)

### कसले के भने ?

अनुदान लिने हो, ऋणचाहिँ लिने होइन ।
**शेरबहादुर देउवा**, पूर्वप्रधानमन्त्री

बिआरआई नेपालको हितको विरूद्धमा छैन । हाम्रो मुलुकले यसबाट लाभ लिनुपर्छ ।
**माधवकुमार नेपाल**, पूर्वप्रधानमन्त्री

बिआरआई प्रोजेक्ट नेपालका लागि पनि लाभदायक हुन्छ । ऋण लिनै हुँदैन भन्ने कुरा पूर्वाग्रहपूर्ण हो ।
**झलनाथ खनाल**, पूर्वप्रधानमन्त्री

यो भ्रमणमा नयाँ सम्झौतामा जानेभन्दा पनि पुराना सम्झौता कार्यान्वयनमा जाने कुरामा एकमत भएको छ ।
**महेन्द्रबहादुर पाण्डे**, चीनका लागि पूर्वराजदूत

**सन्दर्भः वैदेशिक रोजगार**

## दक्ष कामदार विदेसिने जाने क्रम बढ्दो

# पाँच वर्षमा विदेसिए साढे १४ लाखभन्दा बढी सीपयुक्त जनशक्ति

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने नेपालीहरूमा प्रत्येक वर्ष सीप सिकेर जाने क्रम बढ्दै गएको देखिएको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षको अवधिमा १४ लाख ६३ हजार ३३६ जना नेपाली सीप सिकेर वैदेशिक रोजगारीमा गएका छन् ।

विभागको तथ्यांकमा उल्लेख भएअनुसार सीप सिकेर विदेसिने नेपाली आर्थिक वर्ष २०७६/७७ मा ६२ हजार १५२ जना रहेका थिए । त्यस्तै २०७७/७८ मा ७० हजार ४२६ जना, २०७८/७९ मा दुई लाख ९१ हजार ८८९ जना, २०७९/८० मा पाँच लाख छ हजार ७४६ जना र २०८०/८१ मा पाँच लाख ३२ हजार १२३ जना दक्ष कामदारको रूपमा विभिन्न मुलुकमा श्रम स्वीकृति लिएर रोजगारीका लागि गएका छन् । यस्तै सोही अवधिमा सीप सिकेर विदेसिने कूल कामदारमध्ये महिलाको संख्या एक लाख ३३ हजार २० जना रहेको विभागको तथ्यांकले देखाएको छ ।

वैदेशिक रोजगारीका लागि पछिल्लो पाँच वर्षमा जम्मा २६ लाख ७७ हजार ८४५ जना विदेसिएको तथ्यांक छ । रोजगारीका लागि विदेसिने नेपालीमध्ये ५४.६५ प्रतिशत सीपयुक्त (दक्ष) कामदार रहेको पाइएको छ । रोजगारीका लागि सीप जानेका वा सीप सिकेर जाने नेपालीहरूको संख्या बढ्दै गए पनि अदक्ष कामदारको संख्या पनि उल्लेख्य रहेको विभागले जनाएको छ । पाँच वर्षको अवधिमा आठ लाख २१ हजार ६५३ जना अदक्ष (कोरा) कामदारको रूपमा श्रम स्वीकृति लिएर नेपालीहरू रोजगारीका लागि विदेसिएका छन् ।

त्यसैगरी समीक्षा अवधिमा दुई लाख आठ हजार ५९२ जना अर्धदक्ष कामदार रोजगारीका लागि विदेसिएका छन् । जसमा २१ हजार ४१७ जना महिला रहेका छन् । यस अवधिमा पेसागत दक्षता हासिल गरेका चार हजार १२७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । यस्तै पाँच वर्षको अवधिमा विशिष्ठ दक्षता (विशेषज्ञता) हासिल गरेका ९५० जना नेपाली रोजगारीका लागि विदेसिएको विभागको तथ्यांकले देखाएको छ ।

सरकारले रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ लागू गरेयता सीप सिकेर विदेश जाने श्रमिकको संख्या बढ्दो क्रममा रहेको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । उनका अनुसार पछिल्ला आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको संख्या क्रमशः घट्दै गइरहेको छ । 'सीप विकास तालिम अनिवार्य गर्दै लगिएका कारण ठूलो संख्यामा दक्ष कामदारको रूपमा नेपालीहरू रोजगारीका लागि विदेश गइरहेका छन्,' उनले भने, 'यति हुँदाहुँदै पनि विभिन्न कारण विनासीप जाने नेपालीहरूको संख्या ठूलै छ ।'

सरकारले एकपटक वैदेशिक रोजगारीमा गएर फर्किएको नेपाली पुनः विदेश गएमा त्यसलाई पनि दक्ष कामदारको रूपमा लिने गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुसार सीपयुक्त दक्ष कामदारमात्रै पठाउने नीति लिएको छ । आगामी दुई वर्षपछि कुनै पनि सीप नभएका कामदारलाई वैदेशिक रोजगारीमा पठाउन निरुत्साहित गर्ने र दक्ष कामदारमात्रै पठाउनेगरी भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई सीप सिकाउने र तालिम दिने जिम्मेवारी दिइएको छ । उक्त प्रतिष्ठानले आन्तरिक एवं बाहृय श्रमबजारको माग र आपूर्तिको विश्लेषण तथा मूल्यांकन गरी आवश्यकताअनुरूप दक्ष र व्यावसायिक जनशक्ति उत्पादन गर्ने छ ।

(क्रमशः पृष्ठ २ मा)




# नवीनतम् र रचनात्मक कार्य गर्न प्रहरी महानिरीक्षकको निर्देशन



**काठमाडौं (प्रस)**– प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रहरी संगठनको बृहत्तर हितका लागि नवीनतम् र रचनात्मककार्य गर्न मातहतका निकायलाई निर्देशन दिएका छन् । प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित नेपाल प्रहरी कार्ययोजना, २०८० तथा चालु आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन सम्झौताको पहिलो त्रैमासिक कार्यप्रगति समीक्षा कार्यक्रममा उनले शान्ति सुरक्षा, अपराध नियन्त्रण, ट्राफिक व्यवस्थापन र विपद् व्यवस्थापनलगायत कार्यमा क्रियाशील हुन निर्देशन दिए ।

थाँती रहेका मुद्दा फर्स्योट एवं विभिन्न मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरी फैसला कार्यान्वयनतर्फ थप सक्रियाता अपनाउन आग्रह गर्दै महानिरीक्षक कुँवरले तस्करी नियन्त्रणमासमेत विशेष ध्यान पुऱ्याउन निर्देशन दिए । नेपाल प्रहरीको आन्तरिक सुदृढीकरणलाई प्रमुख आधार बिन्दु मान्दै तयार गरिएको प्रहरी कार्ययोजनामा आधारित रहेर चालु आर्थिक वर्षमा गरिएको कार्यसम्पादन सम्झौता कार्यान्वयनको हालसम्मको अवस्था सन्तोषजनक रहेको बताए ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गतका पाँचवटै विभाग एवं अन्वेषण योजना तथा विकास निर्देशनालय, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, केन्द्रीय अनुसन्धान ब्युरो, नेपाल प्रहरी अस्पतालका प्रतिनिधिले आ-आफ्नो प्रस्तुतीकरण गरेका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए । प्रस्तुतीकरणमा कार्यसम्पादन सम्झौताअन्तर्गत पूर्णसम्पन्न क्रियाकलाप र संक्षिप्तकार्य प्रगति विवरणलगायत विषय समेटिएका थिए ।

यस्तै काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रतिनिधि र सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रतिनिधिले गरेको प्रस्तुतीकरणमा प्रभावकारी अपराध अनुसन्धान विवरण, शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थापन र सुधार, नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा सुदृढीकरणलगायत कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयनको लागि चालिने कदम र प्रयासलगायत विषय समेटिएका थिए ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृतलगायतको उपस्थितिको साथै सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख, प्रदेश प्रहरी तालिम केन्द्रका प्रमुख, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखको 'भर्चुअल' उपस्थिति थियो ।

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना

**काठमाडौं (प्रस)**– आसन्न उपनिर्वाचनका क्रममा आइपर्ने समस्या तत्काल समाधान गर्ने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरिएको छ ।

आयोगका सचिव रविलाल पन्थको संयोजत्वमा सञ्चालित केन्द्रबाट आयोगका निर्णयको कार्यान्वयन अवस्था, आचारसंहिताको पालना र उल्लंघनका विषयमा परेका उजुरी एवं प्राप्त जानकारी र निर्वाचन व्यवस्थापनका विभिन्न पक्षबारे नियमितरूपमा जानकारी लिई तत्कालै समस्या समाधान गरिने जनाइएको छ । निर्वाचन परिणाम घोषणा नभएसम्म केन्द्र सञ्चालनमा आउने आयोगकी प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिइन् ।

आयोगका सहसचिव नारायणप्रसाद सापकोटा, गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारी, नेपाली सेनाका महासेनानी सुवास खड्का, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक नरेशबहादुर शाह, नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदी तथा आयोगका उपसचिवद्वय दुर्गाप्रसाद चालिसे र डा. थानेश्वर भुसाल केन्द्रको सदस्य रहेका छन् ।

यही मंसिर १६ गते आइबार स्थानीय तहका रिक्त ४४ पदमा निर्वाचन हुँदै छ ।

# उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्ने तयारी

**काठमाडौं (प्रस)**- सरकारले उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठनको तयारी गरेको छ । अघिल्लो हप्ता बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को ५३औं बैठकले आयोग गठनको तयारी गर्न निर्देशन दिएको हो ।

'सार्वजनिक प्रशासनलाई कम खर्चिलो, ठीक आकारको, जवाफदेही र सक्षम बनाउन नियुक्ति, सरुवा, बढुवा, पदस्थापना, अधिकार प्रत्यायोजन, कार्यसम्पादन मूल्यांकन, अध्ययन तालिमलगायत समग्र वृत्ति विकास चक्रका प्रणालीमा गर्नुपर्ने सुधारका विषयहरू पहिचान गरी शासकीय सुधारको सिफारिसका लागि उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाउने,' एनडेकको ५३औं बैठकको निर्णयमा उल्लेख छ ।

त्यस्तै, सरकारले लागू गरेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन योजनाअनुसार माध्यमिक तहको प्रारम्भिक कक्षा अर्थात् कक्षा नौ को रजिस्ट्रेसन शुल्क नलिने प्रबन्ध तीन महिनाभित्र मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको छ । मौजुदा वन नियमावली संशोधनका लागि तीन महिनाभित्र मस्यौदा तयार पारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्न पनि एनडेकले निर्देशन दिएको छ ।

निजी क्षेत्रको लगानीबाट कार्यान्वयन हुने आयोजनामा वन क्षेत्रको जग्गा उपयोगका लागि राष्ट्रिय योजना आयोगको सिफारिस आवश्यक नपर्ने व्यवस्थाका लागि 'आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०' मा भएका प्रावधान संशोधन गर्न बैठकले निर्देशन दिएको छ । यस्तै, संघीय समपूरक तथा विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि तीन महिनाभित्र मस्यौदा तयार पारी मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय पनि एनडेकले गरेको छ ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
मान्म, कालिकोट

**सेवा करारमा लिने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित २०८१ मंसिर ११ गते मंगलबार)

स्वास्थ्य सेवा कार्यालय कालिकोट अन्तर्गत कालिकोट अस्पतालको लागि देहाए बमोजिम तहका पदमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनमा कार्यालय समय भित्र दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद नाम | तह | सेवा/समूह | माग संख्या |
|---|---|---|---|---|
| ०१/२०८१/८२ | फिजियोथेरापिष्ट | ७ | स्वास्थ्य/फिजियोथेरापिष्ट | १ |

नोट: सूचनाको विस्तृत विवरण यस कार्यालयको website:hsokalikot.karnali.gov.np मा हेर्नुहुन अनुरोध छ ।


## पृष्ठ १ बाट क्रमशः

### 'बिआरआई'मा ओलीको...

पूर्वपरराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनीले ठूला देशहरूसँगको कूटनीतिमा नेपालले जहिले पनि विश्वास कायम राख्न सक्नुपर्नेमा जोड दिए । उनले बिआरआई चाहिँदैन वा लिनैपर्छ भनेर नेपालले नीतिगत निर्णय लिन नहुने बताए ।

'बिआरआई लिँदै लिन्न भनेर नीतिगत निर्णय नेपालले लिन हुन्न,' लोहनीले भने, 'लिनसक्ने अवस्थामा लिनु पनि पर्छ । लिन्न र लिन्छु भन्ने नीति लिन भने हुँदैन । यो कुरा राष्ट्रिय स्वार्थ र जनताको चाहनामा पनि भर पर्छ ।'

#### रोक्ने पक्षमा कांग्रेस

बिआरआईमा नेकपा एमाले र नेपाली कांग्रेसले फरक-फरक मत राख्दै आएका छन् । कांग्रेस बिआरआई आयोजना जसरी पनि रोक्ने पक्षमा थियो भने एमाले यसलाई अमेरिकी परियोजना एमसिसीझैं स्वीकार्नुपर्ने लाइनमा छ । प्रधानमन्त्री ओलीको चीन भ्रमण लगभग निश्चित भएसँगै चिनियाँ पक्षले बिआरआईबारे लाइन क्लियर गर्न आग्रह गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । 'बिआरआईबारे के हुन्छ भनेर चिनियाँ चासो छ, चीनले धेरै कुरा खुलाउँदैन तर यसमा चासो राखेको देखिन्छ,' परराष्ट्र मन्त्रालय स्रोतले भन्यो ।

कांग्रेसले अघिल्लो समयको ऋणहरू देखाउँदै बिआरआईको भारी बोक्न नहुने बताउँदै आएको छ । 'बिआरआई छलफलको एजेण्डा भएको प्रधानमन्त्रीले भन्नुभएको छ । ऋणको बारेमा मौन रहेर बिआरआई अघि बढाउने मुडमा प्रधानमन्त्री देखिनुभएको छ,' छलफलपछि पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेका कांग्रेस नेता एनपी साउदले भने ।

बिआरआईका साक्षी कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत अहिलेको सरकारले जबरजस्ती बिआरआई अघि सार्न नहुने बताउँछन् । पूर्वपरराष्ट्रमन्त्री महतले ऋणका रूपमा बिआरआई कार्यान्वयन नगर्न र यसबारे स्पष्ट हुन नै राजनीतिक संयन्त्र बनेको बनेको दाबी गरे । 'हामीले ऋण लिन हुन्नमात्र भनेका हौ । बिआरआई हुनुहुँदैन भनेर हामीले भनेका हौ । कनेक्टिभिटीमा अनुदानकै कुरा छ । अनुदान नै कार्यान्वयन भएको छैन अनि ऋणको कुरा गरेर त भएन नि,' महतले भने ।

यता एमाले भने जसरी पनि बिआरआई सम्झौता सकार्नुपर्ने पक्षमा देखिन्छ । नेपालले २०७४ वैशाखमा बिआरआईमा हस्ताक्षर गरेको थियो । अरु नियोगहरूबाट ऋण लिँदा चीनको बहिस्कार गर्नैपक्ष भन्ने पक्षमा नेपाल लाग्न नहुने एमाले केन्द्रीय सदस्य विष्णु रिजाल बताउँछन् । 'हामीले बिआरआईबाट ऋण लिन हुन्न भन्ने नै छैन । दुई देशबीचको सम्बन्ध जोगाउने हो भने यो सम्झौतामा अघि बढ्नुपर्छ,' रिजालले भने ।

#### परराष्ट्रमन्त्री राणाको भ्रमण स्वीकृत

परराष्ट्रमन्त्री आरजु राणा देउवा प्रधानमन्त्री ओली जानुअघि चीन जाँदै छिन् । राणा जापान पुग्ने र त्यहाँबाट बेइजिङ पुग्ने तयारी थियो । तर उनको जापान भ्रमण भने रद्द भएको छ ।

योसँगै उनी १३ गते चीन जाने पक्का भएको र मन्त्रिपरिषद् बैठकले उनको भ्रमणलाई स्वीकृत गरेको छ । 'प्रधानमन्त्रीको चीन भ्रमणसम्बन्धमा परराष्ट्रमन्त्री आरजु राणा देउवाको मंसिर १३ गतेदेखि १५ गतेसम्मको उहाँको भ्रमणको स्वीकृति प्रदान गर्ने,' सञ्चारमन्त्रीसमेत रहेका सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले भने ।

प्रधानमन्त्री ओली १७ मंसिरमा चीन भ्रमण जाने तय भएको छ । प्रधानमन्त्री ओलीको भ्रमण चार दिनको हुने छ । प्रधानमन्त्रीले १८ मंसिरमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्री लि छ्याङसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । प्रधानमन्त्री ओली २० मंसिरमा स्वदेश फर्किने भ्रमण तालिका छ ।

■■■

### एमाले नेता ...

तर, विगतमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छँदा राहदानीसम्बन्धी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध मुद्दा नचलाउने निर्णय महान्यायाधिवक्ता कार्यालयबाट भएको थियो । त्यसबेला महान्यायाधिवक्ता डा. दिनमणि पोखरेल थिए । पोखरेल नेतृत्वको महान्यायाधिवक्ता कार्यालयले त्यस्तो निर्णय गरेपछि सर्वोच्चमा मुद्दा नचल्ने भन्दै गरेको निर्णय, प्रधानमन्त्री कार्यालयलगायतलाई विपक्षी बनाउँदै रिट दायर भएको थियो । अन्ततः मुद्दा नचल्ने निर्णय बदर गरेको थियो । हाल सर्वोच्चमा रविको राहदानीसम्बन्धी मुद्दा विचाराधीन छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले महान्यायाधिवक्ता कार्यालयले एमाले नेतासमेत रहेका अधिकारीलाई मुद्दा नचल्ने निर्णय गरेर उन्मुक्ति दिए रविलाई जसरी कानुनी चुनौती दिने काम हुने बताए । उनले सरकारी वकिल कार्यालयको निर्णयप्रति चित्त बुझाएका छैनन् ।

अधिकारी गत २५ कात्तिकमा पक्राउ परेका हुन् । मोरङको विराटनगरका उनलाई सोही दिन काठमाडौं ल्याइएको थियो । जिल्ला प्रहरी परिसर काठमाडौंले मानव तस्करीसम्बन्धी मुद्दामा अनुसन्धान गरेको थियो । अन्ततः मानव तस्करीमा संलग्न भएको भन्ने आधार र प्रमाण नभएको भन्दै मुद्दा नचलाउने निर्णय सरकार वकिलले लियो ।

तर, सोही प्रकरणमा अन्य ११ जनाविरुद्ध भने जिल्ला अदालत काठमाडौंमा मुद्दा चलाउने भएको छ । कार्यालयले जनक राई, दावा शेर्पा, कञ्चन देवकोटा, महेश पाण्डे, जुगल रिजाल, वीरबहादुर सुनुवार, गुडी राई, नवीन राई, दिवाकरबाबु भट्टराई, विष्णुप्रसाद भट्टराई र गोपाल भन्ने योगराज गौतमविरूद्ध मुद्दा दर्ता भएको हो । हाल आरोपीहरूमध्ये दिवाकरबाबु, विष्णुप्रसाद र गोपाल भने फरार छन् ।

जापानमा हुने 'इन्टरनेसनल कन्फरेन्स अन ओपन एक्सेस टु कल्चर, २०२४' को सातदिने कार्यक्रममा कोशीका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्रीसमेत रहेका अधिकारीसहित जनक राई, दावा शेर्पा र कञ्चन देवकोटा कात्तिक ११ गते गएका थिए । उनीहरू हङकङ ट्रान्जिट हुँदै जापान पुगेका थिए । तर, उनीहरूलाई जापानको अध्यागमनले नेपाल डिपोर्ट गरेको थियो ।

यसपछि तत्कालीन मन्त्री अधिकारीको प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रले विरोध गऱ्यो । उनको दल एमालेबाट पनि मन्त्री पदबाट राजीनामा दिनुपर्ने दबाब बढ्यो । त्यहीबीच उनले मन्त्रीबाट राजीनामा दिए । एमाले कोशी प्रदेश कमिटीले कारबाही गऱ्यो । तर, करिब दुई सातापछि नै उनीविरुद्ध मुद्दा नचल्ने निर्णय सरकारी वकिल कार्यालय काठमाडौंले गरेको हो ।

■■■

### पाँच वर्षमा...

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले पनि वैदेशिक रोजगारीमा जाने नेपालीहरू सीपयुक्त हुनुपर्नेमा जोड दिँदै आएका छन् । उनले विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रमहरूमा वैदेशिक रोजगारीमा जाने हरेक कामदारलाई सीप सिकेरमात्रै जान पाउने व्यवस्था गर्न लागिएको बताउने गरेका छन् । सीप नजानेकै कारण न्यून सेवा सुविधा पाउनुका साथै जोखिमपूर्ण काम गर्नु परिरहेको भन्दै अन्तर्राष्ट्रिय श्रमबजारलाई चाहिने जनशक्ति उत्पादन तथा ब्राण्डिङ गरिने मन्त्री भण्डारीको भनाइ छ ।


**बहराइनमा रोजगार** कम्पनी : LULU CONTRACTING CLEANING AND MAINTENANCE W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०८/१० LT. No. 314278 चलानी नं. ६०२२८६५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS/GENERAL WORKER | 35 | 15 | 100 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि: शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705, E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



**युएइमा रोजगार** कम्पनी : Obaid Al Qubaisi Transporting & General Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/04/३२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१० LT. No. 309029 चलानी नं. ६०२२३६५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | २ | ० | 2000 | ७३,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Safety Officer | ९ | ० | 3000 | १०९,६५० | | | | | | | |
| 3 | Store Keeper | ८ | ० | 2000 | ७३,१०० | | | | | | | |
| 4 | Supervisor | ९ | ० | 2500 | ९१,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**कतारमा रोजगार** कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८१/०९/१० LT. No. 314284 चलानी नं. ६०२२८६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT | 2 | 0 | 1100 | ४०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ASSISTANT MASON | 1 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 3 | Brick Mason | 24 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 4 | Building Worker | 1 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 5 | Carpenter | 11 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 6 | Labour | 9 | 0 | 1000 | ४०,५०० | | | | | | | |
| 7 | Mason (Nepal) | 3 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 8 | Pipe Fitter | 6 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 9 | Plaster Worker | 15 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 10 | Plumber | 10 | 0 | 1100 | ४०,५०० | | | | | | | |
| 11 | Tile Maker | 14 | 0 | 1100 | ४०,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



**जापानमा रोजगार** कम्पनी : Kuroshio Business Cooperative Asociation

पूर्व स्वीकृति मिति : २०८१/०८/१० LT. No. 314188 चलानी नं. ६०२२८५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Machinery (Pressing and Leveling Work | 2 | 0 | 190000 | १६६,५४५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Kuroshio Business Cooperative Asociation

पूर्व स्वीकृति मिति : २०८१/०८/१० LT. No. 314189 चलानी नं. ६०२२८५९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constrruction Painting Works | 2 | 0 | 182167 | १५९,६८० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Kuroshio Business Cooperative Asociation

पूर्व स्वीकृति मिति : २०८१/०८/१० LT. No. 314223 चलानी नं. ६०२२८५८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painting Worker | 2 | 0 | 182000 | १५९,५३५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम इजाजत नं. ६३१/०६३/०६४



मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८१।०८।११ गते

मिति २०८१।०७।०१ मा पहिलो पटक प्रकाशित सूचना अनुसार ठेक्का नं MRM/MOR/NCB/REV/02/2081.82 सम्बन्धमा यस गाउँपालिकामा मिति २०८१।०८।०४ सम्म पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिम बोलपत्र स्वीकृत गर्ने आसयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| ठेक्का नं | विवरण | फर्म वा कम्पनीको नाम | कवोल अंक (मुअकर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| MRM/MOR/NCB/REV/02/2081.82 | मगर, मिक्लु, आँपे, सफेवा र सोल्टी नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री | बिनिता श्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ईटहरी, सुनसरी | २,०२,६५,५०१।०० | |

प्रमुख प्रशासकीय अधिकृत
मिक्लाजुङ गाउँपालिका

# जनसंख्या र विकाससम्बन्धी छैटौं अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

**काठमाडौं (प्रस)**- जनसंख्या र विकासलाई सन्तुलित ढंगले सँगसँगै लैजान आवश्यक नीतिगत व्यवस्थाका लागि साझा अवधारणा तयार गर्ने ध्येयका साथ यही मंसिर १२ देखि १५ गतेसम्म काठमाडौंमा जनसंख्या र विकाससम्बन्धी छैटौं अन्तर्राष्ट्रिय सम्मेलन हुँदै छ ।

त्रिभुवन विश्वविद्यालय, जनसंख्या अध्ययन केन्द्रीय विभागको आयोजना हुने सम्मेलनमा चीन, अमेरिका, युरोप, अस्ट्रेलिया, दक्षिणपूर्वी एसिया र एसियाली क्षेत्रका ३५ भन्दा बढी मुलुकका ५०० भन्दा बढी जनसंख्या र विकास क्षेत्रका प्राध्यापक, नीति निर्माता, अनुसन्धानकर्ता, विद्यार्थी र विषयविज्ञको सहभागिता रहने छ ।

सम्मेलनमा विभिन्न १७ वटा विषय र क्षेत्रमा केन्द्रित रहेर छलफल हुने छन् । पछिल्लो समय जन्मदर घटिरहेको सन्दर्भमा जनसंख्याको व्यवस्थापन कसरी गर्ने भन्नेबारे विशेष छलफल हुने जनाइएको छ । 'यस अवस्थामा जनसंख्या र विकासबीच कसरी तादम्यता मिलाउन सक्छौं, यसका लागि नीति निर्माताले के गर्नुपर्छ, विश्वविद्यालयमा कस्तो पाठ्यक्रम राख्नुपर्छ भन्ने बारेमा छलफल हुने छ,' विभागका सहप्राध्यापक एवं नेपाल जनसंख्या संघका अध्यक्ष डा. पदम खतिवडाले भने ।

सम्मेलनमा नेपालका तर्फबाट प्रजननदर, जन्मदर र बसाइँसराइलगायत जनसांख्यिक परिवर्तनका बारेमा विशेष प्रस्तुति रहने छ । पार्किन्सनलगायत नसर्ने रोगका विषयमा पनि सम्मेलनमा छलफल हुने कार्यसूची छ । नेपालमा लैंगिक समानता, समावेशिता र सामाजिक सुरक्षालगायत संवैधानिक हकको कार्यान्वनय अवस्थाका बारेमा पनि छलफल हुने छ ।

सम्मेलनमा विकास र जनसंख्याका क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धि, भोग्नु परेका चुनौती र त्यसको सामानाका लागि अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान हुने छ । जनसंख्या र विकासका क्षेत्रमा कसरी परिवर्तन हुँदै आइरहेको भन्नेमा छलफल हुने संघका अध्यक्ष डा. खतिवडाले बताए ।

एसिया प्यासेफिक क्षेत्रमा भएका जनसांख्यिक परिवर्तन, बसाइँसराइ र औसत आयु बढ्दा परेको पारिवारिक असर र प्रभाव तथा विकास नीति, योजनाले परिवर्तित जनसंख्याको लाभ लिने र धान्नेबारेमा छलफल केन्द्रित हुने त्रिवि जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख एवं प्रा.डा. योगेन्द्र गुरुङले जानकारी दिए । सम्मेलनको निष्कर्षबाट आगामी दिनमा जनसंख्या नीति निर्माण गर्न सघाउ पुग्ने विश्वास गरिएको उनको भनाइ छ ।

जनसंख्या र विकासबीच संयोजन गर्ने मुख्य उद्देश्यले सन् २०१० देखि सम्मेलन हुँदै आएको छ । पहिलो सम्मेलन भारतको नयाँ दिल्ली, दोस्रो थाइल्याण्डको बैंकक, तेस्रो मलेसियाको क्वालालम्पुर, चौथो चीनको सांघाइ र पाँचौं इन्डोनेसियाको जाकर्तामा सम्पन्न भएको थियो ।

# 'स्मार्ट सिटी हुनका लागि हिंसारहित समाज हुनु अनिवार्य छ'

**ललितपुर (प्रस)**– ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले 'स्मार्ट सिटी' हुनका लागि हिंसारहित समाज अनिवार्य रहेको बताएका छन् ।

ललितपुर महानगरपालिकाद्वारा सोमबार यहाँ आयोजित अन्तर्राष्ट्रिय लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान शुभारम्भ समारोहमा उनले सभ्य, सुसंस्कृत र आधुनिक समाजका लागि हिंसामुक्त हुनुपर्नेमा जोड दिए । 'जिम्मेवार पदमा बसेकाले मात्रै हिंसा न्यूनीकरणमा काम गर्न सक्ने हैन, सबै मिलेर लाग्नुपर्छ । अब हिंसाका तथ्यांक र घटना कम गर्न आवश्यक छ,' महानगर प्रमुख महर्जनले भने । उनले हिंसारहित समाजका लागि जोड दिँदै ललितपुरको विकास र समृद्धिका लागि 'पाटन सिटी डज नट स्लिप' योजना अगाडि बढाइने बताए ।

महानगर उपप्रमुख मञ्जली शाक्यले हिंसा सहनु र सहने प्रवृत्तिको पक्षपोषण गर्नु सामन्ती प्रथाको पक्षपोषण गर्नु भएकाले सबै सचेत भएर हिंसा न्यूनीकरणमा लाग्नुपर्छ भने । ललितपुरका प्रमुख जिल्ला अधिकारी रमेश ढकालले ३६५ दिन नै महिला हिंसाविरुद्धमा लाग्नुपर्ने बताए । उनले हिंसाका घटना भएपछि उपचारको बाटो रोज्नुभन्दा हिंसा हुन नदिन सचेतता फैलाउनुपर्ने आवश्यकता औंल्याए ।

ललितपुरका प्रहरी प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक शेखर खनालले लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान सांकेतिक कार्यक्रम मात्रै भएको र हरेक दिन हिंसाविरुद्ध तदारुकताका साथ लाग्नुपर्नेमा जोड दिए । 'जिल्ला प्रहरीमा महिला हिंसाविरुद्ध छुट्टै सेल स्थापना भएको छ । महिला, बालबालिका र ज्येष्ठ नागरिकलाइ विशेष प्राथमिकता दिएर उजुरी लिने र समाधान गर्ने गरेका छौं,' उनले भने ।

महिला विकास शाखा प्रमुख शोभा खरेलले नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन हुने यो अभियानलाई प्रभावकारी बनाउन आवश्यक सहयोगका लागि सबैलाई आग्रह गरिन् ।


## कुवेतमा रोजगार
कम्पनी : MYRTILLO BEVERAGE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२२ LT. No. 314206 चलानी नं. ६०२२८६२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
नरभूपाल वनमा केटा लिएर डुलिरहन्थे । राजा उनका भित्रिनी काली धाईका वशमा थिए र उनैका सल्लाहले राजकाज गर्थे । भाषावंशावलीका अनुसार एकपटक तिनै काली धाईको सिफारिसमा सुरसिंह रानाले गोरखा राज्यको कपरदारी पद पाए । यी सुरसिंह रानालाई पृथ्वीनारायण शाहले वि.सं. १८२६ मा भक्तपुर विजय गरेपछि पृथ्वीनारायण शाहबाट भक्तपुरको अमालीदार पदमा नियुक्त गरेका थिए ।

श्री ५ पृथ्वीनारायण शाहको उपदेशका पृष्ठ ६२५, ६३७, ६३८ मा पनि सुरसिंह रानालाई गोरखा राज्यको कपरदारको पगरी दिएको र उनलाई राजाले अमृतमा विष नमिसाउनू भनी निर्देशन दिएको सम्बन्धमा चर्चा गरिएको छ ।

### दुई हजार डलर बक्सिसको सन्दर्भ

वि.सं. २०६९ भदौको कुरा हो । भदौ तेस्रो साता चिनियाँ रक्षामन्त्री जनरल लिआङ गुआङलीले भारतीय रक्षामन्त्री एके एन्टोनीको निमन्त्रणामा पाँचदिने भारत भ्रमण गरेका थिए । आठ वर्षको अन्तरालमा भारत-चीनका रक्षामन्त्रीबाट भएको भ्रमणबाट एसियाका सैन्य शक्ति सम्पन्न देशबीच सीमामा बढ्दो तनाव कम गर्न मद्दत पुग्नसक्ने आँकलन गरी रक्षा पत्रकारहरू समाचार र विश्लेषण तयार पार्न व्यस्त थिए । यो भारत भ्रमणको दौरानमा चिनियाँ रक्षामन्त्रीले भारतमा पुरानो भ्रमण तालिका अनुसार मुम्बईबाट भारतको राजधानी नयाँदिल्लीसम्म भारतीय वायु सेनाको विशेष विमानमा यात्रा गर्दा व्यापक मनसुनी वर्षा भएको थियो । साँझको समयमा भएको सो ठूलै मनसुनी वर्षाकाबीच भारतीय वायु सेनाका विमान चालक दुई अधिकृतले सुरक्षित ढंगमा ठीक समयमा चिनियाँ रक्षामन्त्री सवार भारतीय सेनाको विमान गन्तव्यमा पुर्‍याउन सफल भएपछि चिनियाँ रक्षामन्त्री प्रशन्न भए र भारतीय वायु सेनाका ती दुई विमान चालक (पाइलट) लाई खुसी भएर दुई हजार अमेरिकी डलर बक्सिस दिएका थिए ।

चिनियाँ रक्षामन्त्रीले भारतीय वायु सेनाका विमान चालकलाई दिएको दुई हजार डलर बक्सिस (टिप्स) ले भारतभर चर्चा पाएको थियो । खासमा प्रतिकूल मौसममा, ज्यानको खतरालाई परवाह नगरी विमान सफल अवतरण गराएकोमा ती विमान चालकको योग्यता र सैन्य क्षमताको पारख गरेर र आफूलाई सुरक्षितरूपमा गन्तव्यमा पुर्‍याइदिएकोले चिनियाँ रक्षामन्त्रीले विमान चालकलाई बक्सिस दिएका थिए ।

तर, भारत सरकारले चिनियाँ रक्षामन्त्रीले बक्सिस दिएको दुई हजार डलर उनीहरूले व्यक्तिगतरूपमा लिन नमिल्ने भएकाले सरकारी कोषमा दाखिला गर्न आदेश दियो । सरकारी आदेशको पालन गर्दै विमान चालकले सो रकम सरकारी कोष दाखिला गरेको हिन्दू समाचारपत्रले उल्लेख गरेको थियो ।

भारतलगायतका विश्वका कतिपय देशमा कुनै पनि तहका सरकारी अधिकारीले स्वदेशी तथा विदेशी व्यक्तिबाट निजी, समूहगत, समुदायतगत नाममा बक्सिस, उपहार, दान लिन नपाउने व्यवस्था छ, लिएमा राष्ट्रघात गरेको मानिन्छ ।

### व्यवसायी गुरुङ र प्रधानमन्त्री ओलीबीच दान लेनदेन

दिनेशराज पन्त लिखित पुस्तकमा उल्लेख भएको राजा नरभूपाल शाहले आफ्नी भित्रिनी काली धाईको आफन्त सुरसिंह रानालाई कपरदारी पद दिएसँगै दिएको निर्देशनका हरफ पढिरहँदा मैले टेलिभिजनमा प्रधानमन्त्री केपी शर्मा ओली दम्पतीले भाटभटेनी सुपर मार्केटका मालिक मीनबहादुर गुरुङ दम्पतीसँग उभिएर नेकपा एमालेको केन्द्रीय कार्यालय भवन निर्माणसम्बन्धी समाचार देखें, सुनें । लगत्तै ममा १० वर्षभन्दा अघि भारतीय सेनाका दुई पाइलटलाई चिनियाँ रक्षामन्त्रीले दिएको बक्सिससम्बन्धी समाचारको स्मरण भयो ।

गत असोज २५ गते कीर्तिपुर नगरपालिका वडा नं. २, मैत्रीनगरमा भाटभटेनी सुपरमार्केटका मालिक, विवादित व्यवसायी मीनबहादुर गुरुङ र उनकी पत्नी सावित्री गुरुङले दान दिएको १० रोपनी १४ आना जमिनमा एमालेको आधुनिक केन्द्रीय कार्यालय भवनको प्रधानमन्त्री केपी शर्मा ओली र उनकी पत्नी राधिका शाक्य ओली दम्पती तथा गुरुङदम्पतीले संयुक्त शिलान्यास गरे । उक्त भवन पनि उनै व्यवसायी गुरुङले निर्माण गरिदिने वचनबद्धता गरिएको छ । त्यसयता सरकारको नेतृत्व गरिरहेको सत्तारुढ दल र स्वयं प्रधानमन्त्रीले अदालतबाट दोषी फैसला भएका र अदालतमा मुद्दासमेत खेपिरहेका विवादित व्यबसायीबाट दानबापत अर्बौं मूल्यको सम्पत्ति लिन/दिन मिल्छ कि मिल्दैन ? भन्ने बहस जारी छ ।

विवादित व्यवसायी गुरुङले एमालेलाई दान दिएको उक्त जमिन र बनाइदिने भनिएको आधुनिक केन्द्रीय कार्यालय भवनका बारेमा सर्वोच्च अदालतमा दायर रिट निवेदनमा न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले सुनुवाइ गरेर कात्तिक १२ गते अल्पकालीन अन्तरिम आदेशसमेत जारी भइसकेको छ । सम्मानित अदालतबाट प्रधानमन्त्री ओली अध्यक्ष रहेको दल एमालेले व्यवसायी गुरुङसँग जग्गा र भवन दान लिने कार्य प्रथम दृष्टिमा नै कानुन अनुकूल नरहेको भन्दै अन्तरिम आदेश भएको छ ।

यो विषय सम्मानित सर्वोच्च अदालतमा विचाराधीन छ । अदालतबाट उपयुक्त समयमा फैसला हुने अपेक्षा छ । तर, सरकारको नेतृत्व गरिरहेको राजनीतिक दलले सम्मानित अदालतबाट विगतमा करछली आरोपमा दोषी करार भइसकेका र ललिता निवास जग्गा हिनामिना प्रकरणमा अदालतमा मुद्दा चलिरहेका विवादित व्यावसायीले दिएको अर्बौंको दान लिएको यो प्रकरण सार्वजनिक चासो र आमनागरिकसँग सरोकार राख्ने विषय भएकाले यसप्रति सचेत नागरिक र सञ्चार जगतको विशेष सम्बन्ध छ । साँच्चै भन्नुपर्दा, विगतको राजतन्त्रात्मक शासन व्यवस्था तथा वर्तमानको गणतान्त्रिक शासन व्यवस्थामा रटान गर्ने गरिएको सुशासनबीच के-कस्ता तादात्म्यता रहेछन् ? उपरोक्त सन्दर्भहरूले हामीलाई केही सन्देश दिइरहेका छन् ।

तत्कालीन गोरखा राज्यका सर्वशक्तिमान राजा नरभूपालले भित्रिया पत्नी काशिकाको सिफारिसमा गोरखा राज्यको कपरदार पदमा नियुक्त गरेका सुरसिंह रानालाई तेरो व्यक्तिको धनमा राज्यको धन नमिसाएस् अर्थात् राज्यको धन हिनामिना नगरेस् भनी निर्देशन् दिनु राजा नरभूपाल र उनकी भित्रिया काली धाईसमेतको भ्रष्टाचार विरोधी स्पष्ट दृष्टिकोण हो । जतिसुकै निकटको व्यक्ति भएता पनि राष्ट्र/राज्यको धन हिनामिना भएमा त्यो कार्य क्षम्य हुन सक्दैन भन्ने संकेत हो । राजा नरभूपालले कपरदार सुरसिंह रानालाई दिएको माथिको निर्देशन र भारत सरकारले जोखिमपूर्ण उडान भर्ने सेनाका दुई पाइलटलाई दिएको निर्देशनलाई नेपालको सरकारी/सार्वजनिक पदमा बसेका जुनसुकै तह र तप्काका राष्ट्रसेवकले मनन गर्नसके बोलीमा होइन व्यवहारमा सुशासन अनुभूत हुने छ ।

**अन्त्यमा,**

व्यवसायी गुरुङले एमालेलाई दान दिएको जग्गा व्यवसायी कालु गुरुङको नाममा रहेको र बैंकमा रोक्का रहेको तथ्य यसअघि नै सार्वजनिक भइसकेका छन् । जग्गाधनी गुरुङ युनिटी प्रकरणका पात्र भएको र दातामार्फत त्यस सञ्जालका रोक्का राखिएका जमिनसहितका सम्पत्ति राज्यबाट रोक्का फुकुवासमेतका अन्य कतिपय रोकिएका काम मिल्ने मिलाउने अपेक्षा वा अन्तर्निहीत उद्देश्य, कीर्तिपुर जग्गादानसँग सम्बन्धित हुनसक्ने अड्कलबाजीहरू बजारमा यत्रतत्र सर्वत्र व्याप्त छ ।

जग्गा दानसहित आधुनिक भवन बनाएर दिने मीनबहादुरको भित्री नियत के कस्तो छ ? त्यो उनै जानून् । भलै उनको नियत असल पनि हुनसक्ला । तर, आजको प्रचलित कानुनमा र छिमेकी देशमा पनि सरकारको जिम्मेवार पदमा बस्नेले दान, उपहार, सहयोग लिनु नैतिक आचरणविपरीत र गैरकानुनी हुन्छ । वर्तमानको नेपाल सरकार यस सर्वमान्य नैतिक बन्धनबाट अछूतो रहन सक्दैन ।

मीनबहादुर निजी धन आर्जनको उद्देश्य राखेर व्यवसायमा तल्लीन व्यक्ति हुन् । ओली समाजसेवाको नारा दिएर राजनीतिमा उचाइ प्राप्त गरेका पात्र हुन् । व्यवसाय र समाजसेवाको आवरणमा देश हित ओझेलमा परिरहेको छ, देशवासी आक्रान्त बनिरहेका छन् । राष्ट्रका धरोहर मानिने र लोकतन्त्रलाई सवल बनाउन मद्दत गर्ने प्रमुख अंग संसद्, सरकार, राजनीतिक दल, अदालत, सेना, प्रहरी, निजामती सेवालगायत सबै निकायका मूल्य, मान्यता, नैतिकता, स्वच्छता, इमान्दारिता शून्य रहेर क्रमशः ती निरन्तर स्खलन भइरहेको वर्तमान अवस्थामा ओली र उनको दल एमाले अपवाद रहला, साँच्चै यिनले सुशासनको बाटो समाउलान् भनी अपेक्षा राख्नु आफैंमा बेतुकको कुरा हो ।

निरंकुश भन्ने गरिएको राजतन्त्रमा अर्थात् आजभन्दा ३०० वर्षअघि राजाको शासनमा बरु भ्रष्टाचारमुक्त शासन व्यवस्थाको अभ्यास गर्ने प्रयास भएको झल्को पाइनु, तर वर्तमानमा जनताबाट निर्वाचित भनिएका राजनीतिक दल र नेताहरूबाट, आफैंलाई मतदान गर्ने जनतामाथि सुशासनको सपना देखाएर कूशासन लाद्नु लोकतान्त्रिक गणतन्त्रको कुरूप पक्ष हो । सुशासन शब्द जपेर कहिल्यै नथाक्ने ओली स्वयंले आजभन्दा झण्डै ३०० वर्षअघिका उनी आफैंले निरंकुश भन्ने गरेका शाह राजाहरूको जत्ति पनि भ्रष्टाचारमुक्त राजकाज सञ्चालन गर्न नसक्नु थप लाजमर्दो कुरा हो । र, उनी आफैंले जप्ने गरेको सुशासन शब्दको मजाक पनि हो ।




▸▸ वैकुण्ठ भण्डारी

# नमिल्ने हात !

*तिमी देऊ तिम्रा हातहरू*
*म दिन्छु मेरा हातहरू*
*आऊ मिलाऔं हाम्रा हातहरू*
*न्याय र समानताका लागि आऊ*
*मिलाऔं हाम्रा हातहरू*

रामेशहरूले ३६ सालतिर यही गीत गाका थिए रे ! गाउँगाउँका मान्छेलाई विद्रोहमा उतार्नका लागि । पञ्चायत ढाल्न । त्यही पञ्चायत ढाल्न झापा आन्दोलनमा होमिएका केपी ओली अहिले देशको प्रधानमन्त्री छन् । दुई केपी खडगप्रसाद र कृष्णप्रसादसहित दर्जनौंको हात मिलेर मुलुकमा निरंकुश पञ्चायत ढालेको रे !

पञ्चायत ढल्यो, प्रजातन्त्र आयो, प्रजातन्त्र ढलेजस्तै गर्‍यो लोकतन्त्र आयो, लोकतन्त्र सुतेजस्तो गर्‍यो अनि १० औं पुस्तादेखिको राजतन्त्र ढल्यो गणतन्त्र आयो । अर्जुन काका पञ्चायत रजत जयन्ती पार्क अहिलेको शंखपार्कको बगैंचामा बसेर बूढाहरूलाई गफ हाँक्दै थिए ।

अर्जुन काका न पञ्चायत ढाल्ने बेलामा सडकमा थिए, न त राजतन्त्र ढाल्ने बेला जिन्दावाद र मुर्दावाद नै भनेका थिए । तर अहिले त्यही काका ठूलै संघर्ष गरेर गणतन्त्र आफैंले ल्याएको जस्तो गरिरा छन् ।

त्यही बूढाहरूको भीडमा छन् रम्तेल साहिला । जसले पञ्चायतका विरुद्ध साँच्चै नै संघर्ष गरेका थिएनन्, उनी मौन छन् । अर्जुन काकाका कुरा मस्तसँग सुनिरहेका छन् अनि मुसुमुसु हाँसिरहेका छन् । 'इन्द्रको अगाडि स्वर्गको वयान' भनेजस्तो ।

कुनै बेलाका अञ्चलाधीशहरू जस्तै भाका छन् गणतन्त्रका अध्यक्षहरू । त्यही भएर होला कतै मिल्नुपर्ने हातहरू मिल्न सकेका छैनन् । कतै मिल्नै नहुने हातहरू पनि मिलिरहेका छन् । रामेशहरूले हात माग्दै मिलाउन खोजे तर उनैका अध्यक्ष केपीहरू मिलेका हातहरू पनि फुटाउँदै बसे भनेर आरोप लगाउँछन् त्यही पार्कमा चन्दन कुमार ।

हुन पनि हो कि हो कि जस्तो ! रवि, छवि अनि जिबीको करामतले । यहाँ त जसले पाउँछ उसैले बजाउने त हो । त्यही भएर अहिले काँठका बाऽलेनले बाऽहरूलाई बजाको बजै छन् ।

कसको बाउको के जान्छ ? मौकामा हान्ने हो । जसले पनि मौका कुरेरै बसेका त छन् । 'बा' ले बाऽलेनलाई चुनाउ जित्ने बित्तिकै बजाउनकै लागि भनेर तबला उपहार देका ! त्यही भएर मौका आयो कि बाऽलेनले बाऽलाई बजाको बजै अरे । चन्दन कुमार फचाट्ट बोले ।

लेन नै फरक फरक छ । एउटा लेन परामपरावादी अर्को पूरै आधुनिक । एउटा सामन्त सत्ता फालेर अर्को सामन्त सत्ता जीवित गर्ने बाहरू । अनि सामन्त सत्ता नै सिध्याउनपर्छ भन्ने बाऽलेनहरू । कसरी हात मिल्ला । मिल्दै मिल्दैन । दूरदर्शनमा घोक्रो फुट्नेगरी नाकका डाँडी भाँच्न कम्मर कसेका रविहरूको छवि त्यही नमिल्ने हातहरू मिलेकैले धुमिल भाको त हो ।

यो पनि थाहा छैन । त्यो पनि थाहा छैन ! ऋण लिएको पनि थाहा छैन आफूले तिरेको पनि था छैन भन्ने बज्रस्वाँठहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि नमिल्ने हात मिलाउँदा भाको होइन र हिरासतको बास !

विश्वासका घडेरी लाको अरे चन्दनले भन्या ।

विश्वास भएपो खडेरी लाग्ने । ओली-दाहाल-देउवा नदीका दुई किनारा त कहिले हिउँदमा एकै ठाउँमा । कहिले वर्षा एकै ठाउँमा आउनसक्ने भए पनि नमिल्ने हात मिल्दा दुई-चार जनाको भलाइ भाको छ ।

'नो नट अगेन' भन्दै बाहरूको काखमा लडीबुढी गर्न जाँदा दुई-चार करोड यसो हिसाब मिलान गरेको पनि किन देखि नसहेका होलान् हो अर्जुन काकाले प्रसंग नै बदले । चन्दनले धर्सा कोर्न थालिगो पार्कभित्रै । एक दर्जन बूढाहरू भाको ठाउँमा दुई-तिन जनाले त्यही बसेर देश चलाइदिए !

नचलाउन पनि किन, सबै अवकाश पाका । ५८ सम्म देशका सबै खाका । अनि अहिले छोराछोरी विदेश भासिएकाले दिन कटाउन पार्कमा आका । कसरी मिलोस् हात ।

निधारमा ठाडो रक्त चन्दन लगाको चन्दनकुमार अलि चञ्चल पनि हुन् । उनले सबैलाई हेर्नूस कुरा बुझ्नूस् सबै । बालाई बाऽलेनले ठोकेकै हो । ठोक्नै पर्दथ्यो । ठोके । गफ दिएर हुन्छ र ? अहिलेसम्म यसरी प्रधानमन्त्रीलाई ठोक्ने को आको थियो र ? पहिले पहिले बाले गर्थे, उनकै वरपर हुन्थे । अहिले समय फेरियो पालो बाऽलेनको छ । त्यही भएर उनकै अघि-पछि छन् ।

गणेशमानले भनेको जस्तो काठमाडौंका जनता भेडा त हुन्न । एउटा अगाडि लागेपछि सबै खाल्डामा । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनेजस्तो । सरकार नै तीन तीनवटा भाको देशमा आफ्नो सरकार आफैंले हो चलाउने । उता बाको सरकार बाले चलाउँछन । यता बाऽलेनको सरकार बालेनले नै चलाँउछन । आ-आफ्नो शक्ति देखाउने बस्ने हो । मिल्ने त कुरै हुँदैन नि !

अब रामेशहरू गाएको गीतजस्तो काल कहाँ छ र ? ओहोऽ ! उनले भनेपछि ठिकै होला देउ तिम्रा हात भन्दै हात दिन खोज्नेहरू अव त पाउन मुश्किल छ । हात मिल्नु र सर्पबाट अमृत पाउँछु भन्नु उस्तै उस्तै हो ।

ओली र देउवाको मिल्ने हात हो र ? दाहाल र देउवाको मिल्ने हात हो र ? न जात मिल्ने त भात मिल्ने । त्यहाँ त सत्तामात्र मिल्ने ! जब सत्ता मिल्छ त्यसपछि लत्ता, भत्ता सबै मिल्छ त्यही बेला हात पनि मिल्छ । अहिले ओलीको बोलीको हात उही देउ ऽबा सँग मात्र मिल्ने हो । एउटा बा र अर्को बा कसरी मिल्न सक्ला ?

चन्दन कुमारले एकोहोरो फलाके । नमिल्ने हात, नमिलाउने हात । मिले साथ नमिले घात ! ठोक्न मादल ठोक भन्दै बाऽलेन अघिअघि अरु पछिपछि भएपछि कहिले मिल्ने छ र हात ? त्यसमाथि पनि मिल्नै नसक्ने केपीको हात ?

चन्दनको कुरा सुन्दासुन्दै बूढाहरू अस्ताउन लागेको सूर्यतर्फ हेर्दै नमिल्ने हातहरू मिलाउन खोज्दै छ । हात पहिलेकै जस्तो मिलोस् । सबैको घरमा खुसी आओस् । नमिल्ने हातहरू पनि गाँस, बास कपाससँगै मिल्दै जाउन । सबैको भलो होस् ।

# बादी समुदायको पुख्र्यौली पेसा संकटमा



■ रमेश ढुंगेल

**मन्थली (रामेछाप)**- मन्थली नगरपालिका-७, खनखनेका जब्बरबहादुर बादी ६० वर्षको भए । उनको मुख्य पेसा मादल बनाउने हो ।

उनीसँग सम्पत्तिका नाममा जम्मा दुई रोपनी पाखोबारी छ । उनका अनुसार बाजे बराजुको पालादेखि मादल बनाउने पेसा गर्दै आएको हो । 'घरको जेठो सन्तान भएकोले बुवाआमा, भाइबहिनीलाई पालनपोषण गर्नुपर्ने जिम्मेवारी भएपछि व्यावसायिकरूपमै मादल बनाउन थालें,' उनले विगत सम्झँदै भने, 'वि.सं. २०५९ देखि रामेछापकै खिम्तीबजारमा मादललगायत अन्य वाद्यवादन बनाएर बिक्री गर्दै आएको थिएँ, तर अहिले त्यो पेसाबाट विस्थापित भएँ ।'

उनले त्यहाँ करिब १३ वर्ष व्यवसाय गरे । खिम्तीमा व्यवसाय सञ्चालन गर्दा तिहार र विवाहका लगनहरूमा मादल, दमाहा टेम्कोलगायत सामग्री बनाउन र मर्मत गर्न भ्याइनभ्याई हुन्थ्यो । पाँच जनालाई रोजगारी दिएका थिए । तर, अहिले त्यस्तो छैन । अहिले आफैंलाई काम पाउन मुस्किल छ ।

वि.सं. २०७२ को भूकम्पका कारण उनले भाडामा लिएको कच्ची घर भत्कियो । थुप्रै मादलहरू पुरिए । त्यसपछि उनी गाउँ नै फर्किए । पुनर्निर्माणका लागि प्राप्त अनुदान तीन लाख रूपैयाँमा केही थपेर घर बनाए पनि गाउँमा खानेपानीको अभावले जब्बर दम्पतीसहित खनखनेका १२ घर बादीमध्ये १० घरपरिवार पानी र अन्य सुविधाको खोजी गर्दै भटौलीकै ठेडीखोला किनारमा झरेर ऐलानी जग्गामा टहरो बनाइ बसे ।

मादल बनाउने परम्परागत पेसा टिकाउन उनलाई हम्मेहम्मे परेको छ । 'पहिलेपहिले गाउँमा बस्दा तिहारका बेला मादल बनाउन भ्याइनभ्याई हुन्थ्यो । यस वर्षको तिहारदेखि मादल बनाउने र किन्ने ग्राहक आउनै छाडे,' उनले भने । मादलमात्र हैन, पञ्चैबाजाका लागि आवश्यक टेम्को, दमाहा, ढोलक र वाद्यवादनका लागि आवश्यक तवेला, वालन भजनमा बजाइने खैंजेडी बनाउने यहाँका बादीहरूको पुख्र्यौली पेसा लोप हुने अवस्थामा पुगेको छ ।

तिहारका बेलामा खेलिने देउसीभैलोमा मादलको प्रयोग हुन छाडेपछि मादलको बिक्री घटेको रामेछाप नगरपालिका-८ का बद्रीप्रसाद घिमिरे बताउँछन् । मादलको व्यापार घटेसँगै समुदायको पेसा नै संकटमा परेको मन्थली-७ का शम्भु बादी बताउँछन् ।

छालाजन्य वाद्यवादन मादल, ढोलक, टेम्को, दमाहा, तबेला, खैंजडी बनाउन बाखा, गाईगोरुको छाला, लाम्पातेको काठ र खरी लगाउन अन्य कच्चापदार्थ चाहिन्छ । उत्पादित सामग्री बिक्री हुन छाडेपछि राज्यले वैकल्पिक पेसाको व्यवस्था गरिदिनुपर्ने माग बादी समुदायको छ ।

मन्थली नगरपालिकाको वडा नं १, २ र ७ मा गरी जम्मा १९ घरपरिवार बादी समुदायको छ । उनीहरूको जनसंख्या ७५ जना छन् । पुख्र्यौली पेसाले जीउन गाह्रो भएपछि रोजगारीका लागि युवाहरू सहर पस्न थालेका छन् । मन्थली नगरपालिकाले गत आर्थिक वर्ष २०८०/८१ मा वडा नं-३ का दलित समुदायमा जब्बरबहादुर बादीलाई प्रशिक्षक बनाइ मादललगायत वाद्यवादन सामग्री बनाउने तालिम सञ्चालन गरेको थियो । तर, त्यस्ता सामग्रीले बजार नपाएपछि समस्या भएको छ । स्थानीय सरकारले उत्पादन भएका वाद्यवादनका सामग्रीहरूको बजारीकरणका लागि खासै चासो नदिएको स्थानीय केशव बादीले गुनासो गरे ।

मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठले उनीहरूलाई छुट्टै वैकल्पिक पेसा दिन नसक्ने तर पुख्र्यौली पेसा संरक्षणका लागि समुदायस्तरमा सहयोग गरी छालाजन्य वस्तुहरू पर्याप्त उत्पादनमा सहजीकरण गर्ने बताए । उनले भने, 'विकसित मुलुकमा ठूलो परिमाणमा बन्ने यस्ता सामग्रीहरू स्थानीय उत्पादनभन्दा सस्तो हुने भएकाले बजार नपाएको हो । नगरले स्थानीय उत्पादन बिक्री वितरणमा आवश्यक सहयोग गर्ने छ ।'

जिल्लामा रहेका बादी समुदायको पुख्र्यौली पेसा संकटमा परेकाले रोजगारीका अवसर सिर्जना गरी जीविकोपार्जनमा सहयोग पुऱ्याउनुपर्ने स्थानीय अगुवा गुञ्जबहादुर श्रेष्ठको धारणा छ । *रासस*

# लालझाडीमा जंगली हात्तीको आतंक



**कञ्चनपुर (प्रस)**- जंगली हात्तीले घर भत्काएपछि लालझाडी गाउँपालिका-४ खल्लाजाँइका ठगी कडारा परिवारसहित एक हप्तादेखि छिमेकीको घरमा बस्न बाध्य छन् । घरभित्र राखेको अन्नपात केही हात्तीले खाइदिएको छ । बचेको अन्न, लत्ताकपडा बोकेर उनी छिमेकीको घरमा शरण लिन पुगेका हुन् ।

'दिउँसो घरबारी रेखदेखका लागि आउने गरेका छौं,' उनले भने, 'साँझ नपर्दै छिमेकीको घरमा शरण लिन पुग्छौं ।' हात्तीको बथान अझै आउने डरले कडारा एक साताअघिदेखि घरमा बस्न छाडेका छन् ।

'हात्तीले झण्डै ज्यान नै लिएको थियो, धन्न बाँच्नु थियो र बाच्यौं,' कडाराकी श्रीमती पार्वतीले भनिन्, 'मध्यरातमा घर पछाडिको भित्तो भत्काउन सुरु गरेपछि हात्ती आएको थाहा पायौं, पूरै घर हल्लाउने गरी भत्काउन थाल्यो, आँगनमा हात्ती पुगेका थिएनन्, भर्खर पेटको शल्यक्रिया गरेर आएका श्रीमान्लाई बोक्दै भाग्यौं, ज्यान जोगियो ।'

घरभित्र राखिएको आठ बोरा धान खाएको उल्लेख गर्दै उनले लत्तापकडा च्यातचुत पार्ने कार्यसँगै भाँडाकुँडा सबैमा हात्तीले खुट्टामुनि राखेर पिच्काएर कामै नलाग्ने बनाएको बताइन् । कडारा परिवारजस्तै छिमेकमा बस्ने हरिलाल टमटा र राज टमटाको घर पनि हात्तीले भत्काइदिएको छ । आँगनमा रहेको पानी पिउनका लागि गाडिएको नल्कासँगै दुवै टमटा परिवारको घरभित्र रहेको अन्न हात्तीले खाइदिएको छ ।

घर भत्काएपछि बेघर बनेका तीनवटै परिवार निकै चिन्तित छन् । अन्न सबै हात्तीले खाइदिएपछि परिवारको साँझ बिहानको छाक टार्नका लागि अरुकहाँ हात थाप्नुपर्ने अवस्था सिर्जना भएको राज टमटाले बताए । गाई, गोरु, भैंसी बाख्रालगायतलाई पनि हात्तीले क्षति पुऱ्याउने डर भएकाले खेतमै बाध्नुपरेको उनले गुनासो गरे ।

'पहिला पनि हात्ती आउँथे, खेतमा रहेको बालीनालीमा थोरै क्षति गरी जान्थे, घर नै भत्काएको थिएन,' हरिलालले भने, 'हाल हात्तीले उखुबारीमा व्यापक नोक्सानी गर्दै घरनै भत्काए ।' उखुबाली जोगाउनका लागि फलामको तार तानेर विद्युतीय करेन्ट छाड्दा हात्तीले बारीभित्र पस्न नसकेको झोकमा घर भत्काएको उनको भनाइ रहेको छ ।

हात्ती नियन्त्रण गरी घरमै सुरक्षितरूपमा बस्ने वातावरण सिर्जना गरिदिनका लागि तीनवटै पीडित परिवारले सम्बन्धित निकायसँग आग्रह गरेका छन् । गाउँपालिकाको वडा नं ३ र ४ मा गरी हात्तीले स्थानीय किसानको झण्डै ५० बिघा बढी जग्गामा लगाइएको उखुखेतीमा क्षति पुऱ्याएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भए पनि निकुञ्ज कार्यालयले नियन्त्रणका लागि कुनै पनि प्रयास नगरेकोप्रति गाउँपालिकाका जनप्रतिनिधिले असन्तुष्टि व्यक्त गरेका छन् ।

स्थानीय बासिन्दाले ब्याकहोलोडेर र ट्र्याक्टरको सहायताले दिउँसै आउने हात्ती भगाउने कार्य गर्दै आएका छन । नजिकैको वन क्षेत्र (खर्रानाला) मा दुईवटा हात्तीले छावा पाएकाले भदौ महिनादेखि हालसम्म हात्तीको बथान लालझाडी गाउँपालिका नजिकको वन क्षेत्रका बस्दै आएको छ ।

उखुबाली जोगाउन कुरुवा बसेका खल्लाजाँइका रामदल रानालाई गत महिना हात्तीको बथानले ज्यान लिइसकेको छ । हात्ती दैनिक कहिले साँझ, कहिले दिउँसै उखुबारीमा पस्न थालेपछि यस क्षेत्रको जनजीवन निकै त्रसित भएको छ । हात्तीले थप मानवीय क्षति पुऱ्याउने डरले स्थानीय बासिन्दाले गाउँपालिका क्षेत्रमा रातिका बेला हिँडडुल गर्ने कार्यमा रोक लगाएका छन् ।

लालझाडी सवडिभिजन वन कार्यालयका प्रमुख करुणाकर जोशीले वन संरक्षणको कार्य छाडेर एक महिनादेखि कार्यालयमा रहेका सात जना कर्मचारीले स्थानीय बासिन्दासँगै खटिएर हात्ती धपाउने कार्यमा संलग्न हुनुपरेको बताए । 'रात दिन नभनी हात्ती धपाउने कार्यमा खटिएका छौं,' उनले भने, 'हात्तीले सबैभन्दा बढी वडा नं ४ का किसानको उखुबालीमा क्षति गरेको छ ।'

हात्तीबाट सर्वसाधारणलाई जोगाउनका लागि जनचेतना जगाउने कार्यसँगै थप मानवीय क्षति हुन नदिनका लागि सडकमा बत्तीको व्यवस्था गर्ने, साइरन बजाउने, ट्र्याक्टरको हर्न बजाउने कार्यमा पनि लाग्दै आएको उनको भनाइ रहेको छ । उनका अनुसार छावासहितको हात्तीको संख्या भने २४ रहेको छ ।

# पुल नबन्दा स्थानीयलाई सास्ती



**कुनौली (सप्तरी)**- सप्तरीको राजगढ गाउँपालिका-६ स्थित मुतनीखोलामा बरदाही र कुरनमा गाउँलाई जोड्ने पुलको निर्माण थालिएको एक दशकभन्दा बढी समय भइसक्दा पनि पुल बन्न सकेको छैन ।

पुल नबन्दा यस क्षेत्रका बासिन्दलाई आवतजावतमा सास्ती भइरहेको छ । पुल नहुँदा कुरनमा, बरदाही, बनैनियाँ, मोहनपुर, रम्पुरा, फकिरा, कन्कटालगायतका स्थानीयलाई समस्या भइरहेको स्थानीयवासी रमानन्द शर्माले बताए । वर्षायाममा नदी छेउमै रहेको जनता प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई आवतजावतमा निकै समस्या भइरहेको उनले बताए । 'वर्षायाममा समस्या भएकाले यहाँका बालबालिका अर्को विद्यालय रोज्न बाध्य छन् । चार किलोमिटर टाढा रहेको विद्यालय जाने नदीमा पुल नहुँदा वर्षायाममा समस्या हुन्छ । हरेक वर्ष यस्तै समस्या हुने भएपछि विद्यालय जानबाट वञ्चित हुनुका साथै कतिपयले विद्यालय छोडिरहेका छन् ।'

राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डलले पनि यहाँ पुल नबन्दा स्थानीयलाई पालिका आउन पनि लामो दूरीको बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको सुनाए । वि.सं. २०६९ मा काठमाडौंस्थित नीलगिरी निर्माण सेवाले एक करोड सात लाख रूपैयाँमा पुल निर्माणको ठेक्का पाएर निर्माण काम सुरु गरेको थियो । दुई वर्षमा काम सम्पन्न गर्ने भनिए पनि छ वर्ष बितिसक्दासम्म पुल निर्माण हुनसकेको छैन । दुईवटा पिलर (वेल) मात्र बनाएर काम रोकिएको छ ।

सडक डिभिजन कार्यालय लहानले कम्पनीसँगको ठेक्का तोडिसकेको छ । कार्यालय प्रमुख आशुतोष कर्णले निर्माण कम्पनीले समयमै काम सम्पन्न नगरी अलपत्र पारेपछि ठेक्का तोडिएको बताए । *रासस*

# जम्न थाले मनाङका नदी र ताल

**मनाङ**- जाडो मौसम सुरु भएसँगै यहाँका नदी, खोला र ताल जम्न थालेका छन् । यहाँका नदी, खोला र तालतलैया जमेर चट्टान बनेका छन् । उचाइअनुसार नै यस क्षेत्रका नदी, ताल, खोलाको पानी चिसोले जम्ने गरेका छन् । तीन हजार मिटरमाथिका अधिकांश नदी, खोला, हिमताल जम्दै गएका हुन् ।

मनाङका खोलासहित आधा दर्जन हिमताल जमेर चट्टानझैं भएको मनाङ डिस्याङ गाउँपालिका-६ का वडाध्यक्ष सोनाम गुरुङले बताए । उनका अनुसार चार हजार ९१९ मिटरमा उचाईमा अवस्थित तिलिचो, भ्राकामा पर्ने चार हजार ६०० मिटरमा रहेको केंचो ताल (आइसलेक), धारापानीको नाचैमा पर्ने डोना ताल र थोंचेमा पर्ने पोङकरलगायतका हिमताल यतिबेला जमेका छन् ।

चिसो बढेसँगै खानेपानीको मुहानसमेत जम्दै गएका छन् । चिसोले मनाङको तापक्रम दिउँसो पनि माइनसमा र साँझ-बिहान माइनस छदेखि माइनस १० डिग्री सेल्सियससम्म पुग्ने गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक सुवास खड्काले बताए । उनका अनुसार तिमाङदेखि थान्चोक, चामे हुँदै माथिल्लो क्षेत्रमा पाइपको पानीसमेत जमेको छ ।

मनाङमा मंसिर-पुसदेखि फागुनसम्म हिमतालका पानी जमेर चट्टान भएका हुन्छन् । अत्यधिक चिसोले बगिरहेका नदी, खोला, हिमताल जम्न थालेका छन् । सशस्त्र प्रहरी बल नेपाल मनाङका अनुसार राति जमेको पानी दिउँसो भएपछि मात्रै बग्ने गर्छ । चिसो बढेसँगै धारामा पानीसमेत जम्ने गरेको छ । चिसो बढेसँगै केही मात्रामा मनाङ पुगेका आन्तरिक तथा बाह्य पर्यटक भने जमेको तालमाथि हिँडेर नौलो अनुभव लिने गरेका स्थानीय बताउँछन् । चिसोका बावजुत पनि मनाङका ताल हेर्न पर्यटक आउने क्रम जारी छ ।

हिमताल भएको स्थान भएकाले पनि मनाङ बाह्य तथा आन्तरिक पर्यटकको केन्द्र बनेको छ । चिसो समयमा जम्ने, हिउँ परेपछि अझ ती तालतलैया हिँउले ढाकिने र गर्मीयाममा पग्लिएपछि हिमाली छायाँ देखिने दृश्यले पर्यटक लोभिने गरेका छन् । पर्यटन व्यवसायी समितिका अध्यक्ष विनोद गुरुङका अनुसार मनाङका ताल जमेका बेला सफा नीलो, वर्षायाममा सेतो र हिउँदमा जम्ने विशेषता नै हुन् । पर्यटकहरू चिसोले नदी, खोला, तालतलैयाका जमेका चट्टानमा खेल्न रुचाउने गरेका पाइएको छ । *रासस*


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Great Nepal H.R. Pvt.Ltd. (ई.प.नं.१६८८/०८०/०८१) को साविक काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **Shrinkhala Overseas Pvt. Ltd.** (ई.प.नं. १६०३/०७९/०८०) मा डकुमेन्टेशन पदमा कार्यरत **लक्ष्मी खत्री (ना.प्र.प्र.नं: ३६-०१-७५-०३७६७)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Shrinkhala Overseas Pvt. Ltd.
KMC-9, Gaushala, Nepal, Tel: 01-5914606, E-mail : lk6482826@gmail.com
Govt. License 1603/079/080



**कर्मचारी हटाइएको र नियुक्ति गरिएको सम्बन्धी सूचना**

यस **Avion Human Resource Management pvt.ltd.** (ई.प.नं. १५२४/०७४/७५) मा Sunita Adhikari(Citizenship No. 12095/1038), Uddhab Bahadur Khadka (Citizenship No. 101985/1285) र Pankaj Kumar Yadav (Citizenship No.15-01-73-02400) ले यस प्रा.लि.मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरुले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि करोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेन देन भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ। त्यसै गरी यस प्रा.लि. रिक्त हुन आएको पदमा तथा थप गरी ५ जना कर्मचारी आवश्यकता हुन आएको हुँदा निम्नानुसार नामका कर्मचारीहरु नियुक्ति गरिएको जानकारी गराउदछौं ।

| S.N. | Name | Citizenship No |
|---|---|---|
| 1 | Naveen Kumar Goit | 1083/13531 |
| 2 | Manaraj Khadka | 22-01-79-04061 |
| 3 | Saraswati Basnet | 3007-44 |
| 4 | Md. Azmat Rain | 26714914 |
| 5 | Rupa Basnet | 28-01-78-04927 |

Avion Human Resource Management Pvt. Ltd.
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal., Tel No.: +977 1 4599632, 9801000591, 9801000593, 9843685128 Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com



**साउदीमा रोजगार**
कम्पनी : TITAN CONTRACTING COMPANY
शहर : AL JUBAIL
पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314037 | चलानी नं. ६०२२८५७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General construction | 22 | 0 | 1200 | ४२,९२६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | HEAVY VICALE DRIVER | 1 | 0 | 1800 | ६४,३९० | | | | | | | |
| 3 | TRUCK DRIVER (BUS) | 2 | 0 | 1600 | ५७,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Trade Links Nepal Pvt. Ltd. Govt. License No. 706/064/065
INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com



**युएइमा रोजगार**
कम्पनी : Howdra Employment Services
पूर्व स्वीकृति मिति : २०८१/०८/१० | LT. No. 314222 | चलानी नं. ६०२२८५८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 50 | 0 | 800 | २९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1200 | ४३,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com



**बहराइनमा रोजगार**
कम्पनी : DAR KHADRA SALON
पूर्व स्वीकृति मिति : २०८१/०८/०६ | LT. No. 314044 | चलानी नं.६०२२८४११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ५३,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ARADOUS CAR HIRING
पूर्व स्वीकृति मिति : २०८१/०८/१० | LT. No. 314268 | चलानी नं.६०२२८६०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | light duty driver (nepal license) | 5 | 0 | 140 | ४९,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MJD CLEANING AND FACILITY SERVICES W.L.L
पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314076 | चलानी नं.६०२२८६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/General Worker | 50 | 10 | 100 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Glass Cleaner | 5 | 0 | 120 | ४२,७४० | | | | | | | |
| 3 | Laundry Man (senior) | 10 | 0 | 120 | ४२,७४० | | | | | | | |
| 4 | Pest Control Operator | 5 | 0 | 150 | ५३,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd — Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com



**साउदीमा रोजगार**
कम्पनी : Future Systems Company for Operation and Maintenance a one person company
पूर्व स्वीकृति मिति : २०८१/०१/30 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१० | LT. No. 304624 | चलानी नं. ६०२१९३६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gurung Management Overseas Pvt. Ltd. — Govt. License 404/060/061
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4386936, 4388012, 4388013, 4380659
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np



**युएईमा रोजगार**
कम्पनी : Opportunity Group FZE — सच्याइएको
पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314105 | चलानी नं. ६०२२८५६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 1600 | ५८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners (Ladies) | 0 | 5 | 1100 | ४०,२०५ | | | | | | | |
| 3 | General Helper (Male) | 35 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 4 | Housekeeping Cleaner | 5 | 5 | 1200 | ४३,८६० | | | | | | | |
| 5 | Mason | 5 | 0 | 2100 | ७६,७५५ | | | | | | | |
| 6 | Printing Operator | 10 | 0 | 2000 | ७३,१०० | | | | | | | |
| 7 | Shuttering Carpenter | 5 | 0 | 2000 | ७३,१०० | | | | | | | |
| 8 | Waiter | 5 | 0 | 1500 | ५४,८२५ | | | | | | | |
| 9 | Waitress | 0 | 5 | 1500 | ५४,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aastha International Employement Pvt.ltd. — Govt. License No. 718/044/065
Maharajgunj, Kathmandu, Phone: 014547947, 9802358233

# अभिनेता तथा निर्माता खड्कालाई बेलायतमा सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र निर्माता संघका अध्यक्ष, फिल्म 'काँडेतार'का अभिनेता, निर्देशक नवल खड्का र निर्माता सत्यकला राई बेलायतमा 'वलिराज सम्मान -२०८१'बाट सम्मानित भएका छन्। खस समाज युकेको आयोजनामा आयोजित कार्यक्रममा साउथईष्ट लण्डन रोयल बरो अफ ग्रीनउइचका मेयर जित रानाभाटले उनीहरूलाई यो सम्मान प्रदान गरेका हुन्।

कार्यक्रममा खड्का र राईलाई खस अन्तर्राष्ट्रिय समन्वय समाजका केन्द्रीय संयोजक टेक बहादुर थापा, खस समाज युकेका सल्लाकार राजेन्द्र खस र आदिवासी जनजाति महासंघ युकेका निवर्तमान अध्यक्ष कर्मा पहाडी शेर्पाले संयुक्त खादा तथा सम्मान पत्र प्रदान गरेका थिए। नेपाली फिल्म र कलाको मध्यमबाट नेपाली समाजलाई पुऱ्याएको योगदानको उच्चमुल्याङ्कन गर्दै उक्त सम्मान गरिएको खस समाजका अन्तर्राष्ट्रिय संयोजक टेक बहादुर थापाले बताए।

फिल्म 'काँडेतार'को विशेष प्रदर्शन गरिएको कार्यक्रममा मेयर जित रानाभाटले फिल्म मन परेको प्रतिक्रिया दिँदै विषयवस्तुको तारिफ समेत गरे।

फिल्म 'काँडेतार' युकेमा अल्डर्सट, आशफोर्ड, स्वीडन, बेजिङस्टोक, साउथह्यारो लगायतका एक दर्जन ठाउँहरूमा प्रदर्शन भैसकेको छ। 'काँडेतार' प्रति युकेवासी नेपालीहरूले देखाएको प्रेम र सद्भावबाट आफू अत्यन्तै हर्षित भएको निर्माता सत्यकला राईले बताइन्।

नवल खडका, गौरब पहाडी, रेविका गुरुङ, प्रशान्त यादव, सुरबिना कार्की, मुरलिधर, सन्जय खतिवडा, रोमियन लिम्बु, प्रेम सुब्बा, पर्शुराम चौधरी, पुष्प श्रेष्ठलगायत कलाकारको अभिनय रहेको नेपाल र भारत बिचको सिमाना विवादको विषयमा बनेको हो।

# टिजरमा सौगात मल्लको 'बम बहादुर'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता सौगात मल्ल मुख्य भूमिका रहेको फिल्म 'बम बहादुर' को टिजर सार्वजनिक गरिएको छ। टिजर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति आगामी पुस ५ निर्धारण भएको जानकारी दिइएको छ।

टिजरमा 'अब खुकुरी र बन्दुकले होइन, दिमागले लडौं। शिक्षित समाजलाई कसैले पनि दबाउन सक्दैन। शिक्षित समाज आफैँमा स्वर बनेर आफ्नो भविष्यका लागि उभिन सक्छ' भन्ने भाष्य स्थापित गर्न खोजिएको छ। बम बहादुर एउटा सन्देशमूलक कथा र ऐतिहासिक सङ्घर्षलाई चित्रण गर्ने नेपाली फिल्म हो। फिल्म जोन राईले निर्देशन गरेका हुन्।

बिस्ट ब्रदर्स फिल्मस प्रा.लिको ब्यानरमा बनेको फिल्ममा सौगातको अलवा प्रशान्त राई, अनिशा रसाइली, भास्कर प्रधान, महेन्द्र बग्दास, मदन भुजेल, भरत वशिष्ठ, अजय प्रधान, शान्तिला तामाङ, रिया भुजेल, बाल कलाकार वशिस्ट कार्की, सुरेश पन्चकोटी लगायतको अभिनय छ।

'बम बहादुर'का निर्माता सञ्जीव सार्की हुन्।

जोन राई र रूपेश तामाङको कथा र पटकथा रहेको फिल्ममा वितरण रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले गर्ने भएको छ।

# सिड्नी गुञ्जाउँदै सत्य-स्वरूप

**सिड्नी–** युवापुस्ताका चर्चित गायक सत्यराज आचार्य र स्वरूपराज आचार्य एकसाथ सिड्नीमा गुन्जने भएका छन्। नेपाली सुगम गीत-संगीत क्षेत्रमा पारंगत मानिने यी दुई गायक ६ डिसेम्बरमा सिड्नीको ग्रयानभिलमा रहेको टाउन हलमा विभिन्न प्रस्तुतिहरू दिने भएका हुन्।

सिड्नीको कार्यक्रम आयोजक फ्लेभर्स अफ नेपालका राजेश केसीले 'द सत्य स्वरूप शो'को तयारी पुरा भएको जानकारी दिए। फिन कनेक्स फाईनानसियलको साथमा सिड्नीमा हुने शो पछि यो कार्यक्रम डिसेम्बर ९ मा न्यू



क्यासल, डिसेम्बर १५ क्यानभेरा र डिसेमबर १६ तारेखका दिन उलंगनमा आयोजना हुनेछ।

द सत्य स्वरूप शो कार्यक्रमको अष्ट्रेलिया टुरको म्यानेज्मेन्ट द स्तुपा टेस्ट अफ नेपाल उलंगनले गरेको हो। भिषा पार्टनरमा होराईजन ऐसोसियटस प्राईभेट लिमिटेड र ट्राभल पार्टनरमा एभरेष्ट ट्राभल प्राईभेट लिमिटेड रहेको छ।

'अष्ट्रेलियामा रहनु हुने नेपाली गीत संगीतप्रेमीहरू मांझ प्रस्तुत हुन हामी हतारिएका छौं', गायक सत्यराजले भने, 'हामीलाई विश्वास छ कि उहाँहरूको सांगीतिक प्यास मेटाउन हामी जोड तोडका साथ लाग्ने छौं।'



# प्रधानमन्त्री ओलीको नजरमा एनपिएलका आठ मार्की खेलाडी

**काठमाडौं –** प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार नेपाल प्रिमियर लिग (एनपिएल) को ट्रफी सार्वजनिक गरेका छन्। उनले सुन्धारास्थित धरहरा परिसरमा ट्रफी सार्वजनिक गरेका हुन्।

उक्त अवसरमा प्रधानमन्त्री ओलीले गौरवशाली धरहराको काखमा एनपिएलको ट्रफी सार्वजनिक कार्यक्रमले खेलकुदमा नयाँ जाँगर पैदा गरेको जिकिर गरे। उनले नेपाली खेलकुद क्षेत्रका लागि विशेष महत्वको दिन रहेको उल्लेख गरे।

प्रधानमन्त्री ओलीले नेपाली क्रिकेट खेलाडी तथा एनपिएलका आठ टोलीकै मार्की खेलाडीको खुलेर प्रशंसासमेत गरे। उनले सम्बोधनको क्रममा सुरुमै जनकपुर बोल्ट्सका कप्तान आसिफ शेखको प्रशंसा गरे। उनले शेखले स्पोर्टम्यानसीप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको श्रव्यदृश्य आफूले पनि हेरेको उल्लेख गर्दै उनलाई 'क्याप्टेन कूल'को उपनाम दिनुपर्ने बताए।

उनले भने, 'जनकपुर बोल्ट्सका मार्की खेलाडी आसिफ शेखले स्पोर्टम्यानसिप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको त्यो भाइरल श्रव्यदृश्य मैले पनि हेरेको थिएँ। जनकपुर झैं शान्त स्वभाव कायम रहोस्। आसिफ शेखलाई क्याप्टेन कूल, शान्त भनेर उपनाम दिएपनि हुन्छ जस्तो लाग्छ।'

प्रधानमन्त्री ओलीले काठमाडौं गुर्खाजका मार्की खेलाडी करण केसीलाई 'भ्यालेन्टाइन बोय' सम्बोधन गरे। करणले राजधानीको नाम राख्ने आफूले आशा लिएको उनले जिकिर गरे। 'काठमाडौं गुर्खाजका कप्तान करण केसीलाई भ्यालेन्टाइन बोय भनेर सम्बोधन गर्ने कुरा थाहा पाएको थिएँ', उनले भने, 'उनले राजधानीको नाम राख्ने आशा लिएको छु।'

सम्बोधनको क्रममा प्रधानमन्त्री ओलीले पोखरा एभेन्जर्सका मार्की खेलाडी कुशल भुर्तेललाई विश्वले नै बलर हुन् कि ब्याटर



छुट्याउनै नसकेको बताए। उनले यस पटक ९९ रनमा आउट हुन् नपरोस् भन्दै शतक हान्न शुभकामना दिए।

'पोखरा एभेन्जर्सका मार्की खेलाडी कुशल भुर्तेल बलर हुन् कि ब्याटर छुट्याउनै गाह्रो हुने उनको कौशल छ। विश्वले नै छुट्याउन सकिरहेको छैन जस्तो लाग्छ। मैले मात्रै होइन', कुशलको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले भने, 'यसपटक ९९ रनमा आउट हुन नपरोस्। शतक हान्नु भन्ने मेरो शुभकामना छ।'

प्रधानमन्त्री ओलीले चितवन राइनोजलाई आफूले 'गैंडाज' भन्ने बताए। चितवन राइनोजका मार्की खेलाडी कुशल मल्लको छक्का हान्ने शैली मनपर्ने उल्लेख गर्दै उनले आँखिर चितवन गैंडाजका कप्तान हो नि ! भन्दै प्रशंसा गरे। 'हाम्रो साथीहरूले चितवन राइनोज भन्नुभएको छ, मैले चितवन गैंडाज भन्छु', उनले भने-'चितवन राइनोज अर्थात् गैंडाजका कप्तान कुशल मल्ल हेर्दा अल्लि सानो/सानो लाग्ने। ज्यानमा ताकत बोकेर छक्का हान्ने शैली साह्रै मनपर्छ।'

लुम्बिनी लायन्सका मार्की खेलाडी रोहितकुमार पौडेलको नाम सुन्दै गर्व लाग्ने भन्दै प्रधानमन्त्री ओलीले उनको प्रसंशा गरे। जसले जिते पनि रोहितलाई फाइदा हुने भन्दै प्रधानमन्त्री ओलीले नेपाली क्रिकेटका कप्तान भएको नाताले उनले जितकै हुने धारणा राखे।

'लुम्बिनी लायन्सका रोहित पौडेलको नाम सुन्यो कि मलाई गर्व लाग्छ। रोहितको कप्तानीले लुम्बिनीको भावना मैदानमा देख्नेछ। जसले जिते पनि रोहितलाई फाइदा छ, आखिर देशले जित्छ र नेपाली क्रिकेटका कप्तान भएको नाताले उनले जितकै हुनेछन्', प्रधानमन्त्री ओलीले भने।

विराटनगर किङग्स्का मार्की खेलाडी सन्दीप लामिछाने नेपाली क्रिकेटको ब्रान्ड एम्बासडर जस्तै भएको प्रधानमन्त्री ओलीले बताए। उनले बीबीएलदेखि आइपीएलसम्म सन्दीपको बलले धेरै ब्याट्सम्यानलाई नाच्न बाध्य पारेको सुनाए। 'विराटनगर किङ्सका सन्दीप लामिछाने त हाम्रो क्रिकेटको ब्रान्ड एम्बासडर जस्तै भए। बीबीएलदेखि आइपीएलसम्म सन्दीपको बलले धेरै ब्याट्सम्यानलाई नाच्न बाध्य पारेको छ।', उनले भने, 'त्यसैले त मैले भनेको थिएँ, नेपालीले चान्स पायो भने गर्छ।'

कर्णाली याक्सका मार्की खेलाडी सोमपाल कामीका योर्करलाई भुल्न नसकिने प्रधानमन्त्री ओलीले बताए। उनले सोमपालले कर्णालीको चिसो पानीको ताकत मैदानमा देखाउने उल्लेख गर्दै अर्को टी-ट्वेन्टी विश्वकप खेल्ने तयारीमा राम्ररी जुट्न सुझाव दिए।

'कर्णाली याक्सका सोमपाल कामीका ती योर्करलाई कसले भुल्न सक्छ र ? सोमपालले कर्णालीको चिसो पानीको ताकत मैदानमा देखाउनेछन्', प्रधानमन्त्री ओलीले भने, 'नेपाललाई अर्को टी-ट्वान्टी विश्वकप खेल्ने तयारीमा राम्ररी जुट्न मेरो सल्लाह छ।'

प्रधानमन्त्री ओलीले सुदूरपश्चिम रोयल्सका मार्की खेलाडी दीपेन्द्रसिंह ऐरीलाई बाघको संज्ञा दिए। उनले ऐरीको ६ छक्काको कीर्तिमान आफुलाई स्मरण रहेको उल्लेख गर्दै यस्ता थुप्रै कीर्तिमान बताउन समेत शुभकामना दिए। 'अन्तिममा हिरोको पालो आउँछ, मेरो फेभरेट नै जस्तो भनौं। नेपाली क्रिकेटका बाघ दीपेन्द्रसिंह ऐरीको ६ छक्काको कीर्तिमान मलाई स्मरण छ', उनले भने, 'एनपीएलमा यस्ता थुप्रै कीर्तिमान बनुन्। सुदूरपश्चिम रोयल्सलाई पनि विशेष शुभकामना छ।'

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) यहीं मङ्सिर १५ गतेदेखि सुरु हुँदैछ। प्रतियोगिताका खेल कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हुनेछन्। रासस

## दृष्टिविहीन विश्वकप क्रिकेट

# नेपालद्वारा अफगानिस्तान पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ। नेपालले अफगानिस्तानलाई एक सय आठ रनले हराएको हो।

पाकिस्तानको लाहोरमा जारी दृष्टिविहीन विश्वकप क्रिकेटअन्तर्गत आफ्नो तेस्रो खेलमा नेपालले टस हारेपछि पहिला ब्याटिङ गरेको थियो।

नेपालले जितका लागि अफगानिस्तानसामु दुई सय २९ रनको लक्ष्य प्रस्तुत गरेको थियो। तर अफगानिस्तानले सबै विकेट गुमाएर एक सय २० रन मात्र बनाउन सक्यो।

नेपालका लागि उपकप्तान पदमबहादुर बडैला र नरेश चौधरीले अर्धशतकीय पारी खेले। बडैलाले ५१ बलमा अविजित रहेर ९२ रन तथा चौधरीले ६२ बलमा अविजित ७२ रन बनाए। यस्तै भरत थापाले २१ तथा सागर लामाले चार रन बनाए। अफगानिस्तानका बलरहरूले नेपाललाई ३९ अतिरिक्त रन दिएका थिए।

यस्तै नेपालविरुद्ध ब्याटिङ गर्दै अफगानिस्तानका अबाशीनले ५२, द्वारनले २१ तथा शराफतले १३ रन बनाए। बलिङतर्फ नेपालका लागि सुनिल राना मगरले तीन तथा भरत थापा, अमिश गुरागाईं र सुनिल सुवेदी क्षेत्रीले एक एक विकेट लिए।

नेपालले मंगलबार दक्षिण अफ्रिकासँग चौथो खेल खेल्ने छ। यसअघि नेपाल पहिलो खेलमा श्रीलंकासँग तथा दोस्रो खेलमा बंगलादेशसँग पराजित भएको थियो। दृष्टिविहीन विश्वकप क्रिकेट प्रतियोगितामा नेपालसहित, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र दक्षिण अफ्रिका सहभागी छन्।



पाकिस्तानको लाहोरमा सोमबार बाक्लो प्रदूषित धुवाँले ढाकिएको सडक । प्रदूषणका कारण पछिल्लो समय यहाँको जनजीवन प्रभावित बनेको छ । *तस्बिर : एएफपी*

# सन् २०२३ को अक्टोबरयता ११ हजार भन्दा बढी प्यालेस्टिनी हिरासतमा

**रामल्ला-** सन् २०२३ अक्टोबर ७ देखि इजरायलको जेलमा वेस्ट ब्यांक र जेरुसेलमका प्यालेस्टिनीहरूको संख्या बढेर ११ हजार ८०० भन्दा बढी पुगेको छ, जसमा ४३५ जना महिला ७७५ बालबालिका र १३६ पत्रकार रहेका छन् ।

बन्दी मामिला आयोग, प्यालेस्टिनी प्रिजनर्स क्लब र प्रिजनर सपोर्ट एन्ड हयुमन राइट्स एसोसिएसन (एडडमिर)ले संयुक्त विज्ञप्तिमा प्यालेस्टिनीमाथि इजरायली आक्रमण सुरु भएदेखि प्रशासनिक नजरबन्द आदेश १० हजार नाघेको जनाएका छन् । जसमा नवीकरण आदेशहरू केही बालबालिका तथा महिलाविरुद्ध जारी गरिएको थियो ।

विज्ञप्तिका अनुसार अक्टोबर -७ देखि कम्तीमा ४५ कैदीको इजरायली जेलहरूमा मृत्यु भएका छन्, जसमा गाजाका २७ जना पनि छन् । यसैगरी धेरै जना हिरासतमा मृत्यु भएकाहरूको इजरायली अधिकारीहरूले पहिचान गरेका छैनन् भने दर्जनौंलाई मृत्युदण्ड दिइएको छ ।

आधिकारिकरूपमा घोषणा गरिएका ४३ जना मृतकको शव, अझै पनि इजरायली अधिकारीहरूले गुपचुप विज्ञप्तिमा राखेको उल्लेख गरिएको छ ।

बन्दीहरूमा आक्रमण सुरु भएदेखि नै उनीहरूको घर तथा सैन्य चौकीहरूमा पक्राउ परेका, दबाबमा आत्मसमर्पण गरेका र बन्धकको रूपमा राखिएका व्यक्तिहरू समावेश छन् । *रासस/क्युएनए*

# लेबनानमा भएको इजरायली हमलामा दर्जनौंको मृत्यु



**बेरुत (लेबनान)-** लेबनानमा भएको इजरायली हमलममा दर्जनौंको मृत्यु भएको जनाइएको छ । जसमा मध्ये बेरुतको बास्टा क्षेत्रको बहुमंजिला आवासीय भवनमा भएको हमलामा २९ जनाको मृत्यु भएको छ ।

इजरायली सेनाका अनुसार बेरुतको दहिहमाद सेनाले १२ वटा हिजबुल्लाह कमान्ड सेन्टरमा आक्रमण गरेको थियो । हिजबुल्लाहको इन्टेलिजेन्स युनिट, कोस्ट-टु-सी मिसाइल युनिट र युनिट-४४००-सिरिया हुँदै इरानबाट लेबनानमा हतियार तस्करीका लागि सक्रिय छन् ।

सेनाले यी कमान्ड सेन्टरहरू इजरायलविरुद्ध आतंकवादी आक्रमणको योजना बनाउन, कार्यान्वयन गर्न र दक्षिणी लेबनानमा सक्रिय सैनिकहरूविरुद्धको आतंकवादी गतिविधिको निगरानी गर्न प्रयोग गरिएको जनाएको छ ।

यसैबीच, लेबनानको स्वास्थ्य मन्त्रालयले मृत्यु हुनेको संख्या वृद्धि भई २० जना पुष्टि भएको तथा मृतकको संख्या बढ्नसक्ने रिपोर्ट गरेको छ । युद्धविराम प्रयासका बावजुद इजरायलले हिजबुल्लाहविरुद्ध आफ्नो सैन्य अभियान जारी राख्दा बेरुतमा हवाई आक्रमण भएको हो । सेनाले हमला बेरुतको दक्षिणी उपनगर हरूमा हिजबुल्लाहका स्थानहरूलाई लक्षित गरी गरेको पुष्टि गरेको छ ।

यसअघि नै इजरायली सेनाले नागरिक क्षति कम गर्न भवनहरू खाली गर्ने आदेश जारी गरेको थियो । गत आइतबारको हवाई आक्रमणमा हिजबुल्लाहका प्रवक्ताको मृत्यु भएपछि मध्य बेरुतमा इजरायली हवाई आक्रमणमा वृद्धि भएको सिएनएनले जनाएको छ ।

इजरायली हवाई आक्रमणले पूर्वी लेबनानको बालबेक-हर्मेल क्षेत्रमा पनि प्रहार गरेको छ, जहाँ चार बालबालिका सहित कम्तिमा १३ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । आक्रमणले लेवनान वपरका क्षेत्रमा कम्तीमा ११ जनाको मृत्यु हुनुका साथै ३२ जना घाइते भएका छन् भने टायर सहर लक्षित आक्रमणमा पाँच जनाको मृत्यु तथा १९ जना घाइते भएका थिए ।

सेप्टेम्बरदेखि, इजरायली हवाई आक्रमणले धेरै हिजबुल्लाह कमान्डरहरूको नरसंहार गर्नुका साथै मुख्य पूर्वाधार लक्षित गर्दा दक्षिणी लेबनानमा व्यापक विनाश निम्त्याएको छ । संयुक्त राष्ट्रसंघका अनुसार लेबनानमा द्वन्द्वका कारण तीन हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको छ भने १० लाखभन्दा बढी विस्थापित भएका छन् । *रासस/एएनआई*

# इरानले शुक्रबार फ्रान्स, जर्मनी र बेलायतसँग आणविक वार्ता गर्ने

**तेहरान-** इरानले संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायले पारित गरेको निन्दा प्रस्ताव अघि सारेका तीन युरोपेली मुलुकसँग आगामी शुक्रबार आणविक वार्ता गर्ने आइतबार जनाएको छ ।

इरान, फ्रान्स, जर्मनी र बेलायतका उपविदेशमन्त्रीस्तरीय बैठक शुक्रबार बस्ने परराष्ट्र मन्त्रालयका प्रवक्ता इस्माइल बगाईले जानकारी दिए ।

'प्यालेस्टिनी र लेबनानका मुद्दाका साथै आणविक मुद्दालगायत क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दा र विषयमा छलफल हुने छ,' विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ । बागाईले आगामी बैठकलाई सेप्टेम्बरमा न्युयोर्कमा संयुक्त राष्ट्रसंघको महासभाको वार्षिक अधिवेशनका क्रममा दुई देशसँग भएको वार्ताको निरन्तरताका रूपमा व्याख्या गरेका छन् ।

संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) को ३५ सदस्यीय बोर्ड अफ गभर्नर्सले बिहीबार एक प्रस्ताव पारित गर्दै इरानबाट सहयोगको अभाव भएको भन्दै त्यसको भर्त्सना गरेको छ । इरानको आणविक कार्यक्रमलाई लिएर तनाव बढेपछि वार्ताको पहल थालिएको हो । यसलाई आलोचकहरूले आणविक हतियार विकास गर्ने उद्देश्यले गरिएको आशंका गरेका छन् ।

आइएइएका प्रमुख राफेल ग्रोसी तेहरानको भ्रमणबाट फर्केपछि यो उपविदेशमन्त्रीस्तरीय बैठक कदम चालिएको हो । भ्रमणका क्रममा इरानले आइएइएको मागमा सहमति जनाएको थियो, जसमा ६० प्रतिशत शुद्धतासम्म संवर्द्धित हतियारयुक्त युरेनियमको संवेदनशील भण्डार सीमित गर्न भनिएको थियो । *रासस/एएफपी*

**बहराइनमा रोजगार** कम्पनी : Era Construction WLL

पूर्व स्वीकृति मिति : २०८१/०८/१० | LT. No. 314186 | चलानी नं. ६०२२८६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 40 | 20 | 100 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Sunsari, Itahari, Sunsari Training center, Dharan road मा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।
इटहरीको लागि सम्पर्क: 9829385004, 9807070536, 9704504416, 9702676120 & 025-584994, 025585008
Jhapa, Birtamod, Center Point Party Palace मा मिति: २०८१ मंसिर १९ गते (4th Dec. 2024) मा हुनेछ । सम्पर्क: 9825911000, 9825912000, 9820563001,9820562001 & 023590240

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/740/75
Basundhara-03,Kathmandu, Nepal, Sunsari Branch: 9829385004 9862035436, 9815390322
Jhapa Branch: Tel: 023-590240, Mob: 9829385004 9862035436, 9815390322,
9825911000, 9820565001, 9820561001, 9825912000, E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

**बहराइनमा रोजगार** कम्पनी : MONTREUX BEAUTY SALON W. LL

पूर्व स्वीकृति मिति : २०८१/०८/१० | LT. No. 314159 | चलानी नं. ६०२२८५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 150 | ५३,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १८ गते (3rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd — Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com, Website : www.aarambhahr.com

**युएइमा रोजगार** कम्पनी : PINK DIAMOND MODERN TECHNICAL WORK L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/०९ | LT. No. 314172 | चलानी नं. ६०२२८५४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic Assistant | 2 | 0 | 1400 | ५१,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Drivers | 1 | 0 | 2000 | ७३,५०५ | | | | | | | |
| 3 | Construction Carpenter | 1 | 0 | 1400 | ५१,४५५ | | | | | | | |
| 4 | Electrician | 1 | 0 | 1400 | ५१,४५५ | | | | | | | |
| 5 | Painter | 1 | 0 | 1300 | ४७,७८० | | | | | | | |
| 6 | Pipe Fitters | 2 | 0 | 1300 | ४७,७८० | | | | | | | |
| 7 | Stone Mason | 1 | 0 | 1300 | ४७,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १७ गते (2nd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIGYAN HR MANAGEMENT PVT. LTD. — Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

**SHREE MAHAKALL SECONDARY SCHOOL**
**Krishnapur-06, Basantpur**
**Kanchanpur, Sudurpashchim Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

***Date of Publication: 2081/09/11***

1. Shree Mahakali Secondary School, Kanchanpur invites electronic bids from Nepalese eligible bidders for the following work/ supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount (NRs.) | Estimated Amount (NRs, Exclusive of VAT and Contingencies) | Cost of Bidding Document (NRs.) | Bid Validity (Days) |
|---|---|---|---|---|---|
| MSS/W/NCB/ 081/082-01 | Construction of Remaining work for hostel building | 3,95,000.0 | 1,13,93,899.56 | 3000 | 90 |

2. Bank Details

| PURPOSE | BANK ACCOUNT NO | BANK ACCOUNT NAME | Bank Name |
|---|---|---|---|
| Cost of bidding document & Bid security | 1900136696300011 | Shree Mahakali Secondary School | NMB BANK LIMITED |

3. Submission & Opening

| Submission Mode | Submission Deadline | Opening Time | Opening Location |
|---|---|---|---|
| Online through www.bolpatra.gov.np/egp | 24-12-2024 12:00. | 24-12-2024 14:00 | MSS |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the MSS & PPMO's website www.bolpatra.gov.np.

**Head Teacher**
**Puran Singh Bogati**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५१३०० | प्रति तोला - ० | प्रति तोला - १८४५ |



**ड्रागन खेती** | स्याङ्जाको वालिङ-१ धरमपानीमा स्थानीय कृष्णप्रसाद ढुंगानाले गरेको ड्रागनखेती । झण्डै ४० रोपनी क्षेत्रफलमा लगाएको पाँच हजार बिरुवाले उत्पादन दिन थालेपछि उनले मनग्य आम्दानी गर्दै आएका छन् । *तस्बिरः तोलाकान्त बगाले/रासस*

# विमान चालकको समस्या छिट्टै समाधान हुन्छः निगम

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले निर्धारित समयमा उडान नभएर अलपत्र परेका यात्रुलाई गन्तव्यमा लगिएको जनाएको छ ।

सेवासुविधाको माग गर्दै निगमका विमान चालक (पाइलट) ले बिदामा बसेर विरोध जनाएपछि आइतबार निगमको विभिन्न गन्तव्यका करिब आधा दर्जन उडान प्रभावित भएका थिए । उडान अवरुद्ध हुँदा विभिन्न गन्तव्यमा जाने सयौँ यात्रु समस्यामा परेका थिए । भारतको नयाँ दिल्ली, मुम्बई, दुबईलगायत गन्तव्यमा उडानहरू प्रभावित भएको निगमले जनाएको छ ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार पाइलटको असहयोगका कारण उडान अवरुद्ध हुँदा काठमाडौँमा रोकिएका यात्रुलाई गन्तव्यमा लगिएको जनाएको छ । यात्रुलाई आइतबार राति मुम्बई र सोमबार बिहान दुबई लगिएको छ ।

उनले पाइलटको मागका सम्बन्धमा निगम व्यवस्थापन गम्भीर रहेको, यस सम्बन्धमा तालुक मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय तथा छलफल भइरहेकाले छिट्टै समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

निगममा कार्यरतमध्ये केही क्याप्टेनले यही मङ्सिर ६ गतेदेखि 'सिक रिपोर्ट' र 'अर्जेन्ट वर्क रिपोर्ट' गर्दै आएकामा मङ्सिर ८ गते शनिबारदेखि उडानमा प्रभाव देखिन थालेको थियो । निगममा रहेका ४३ क्याप्टेनमध्ये आठ जनाले विरोध जनाएको बुझिएको छ । निगमको अन्तर्राष्ट्रिय उडानमा दुई वाइडबडी र दुई न्यारोबडी विमान छन् । निगमका पाइलटहरूको सेवासुविधा सम्बन्धमा निगम व्यवस्थापनका तर्फबाट विभिन्न चरणमा अद्यावधिक जानकारी गराइएको र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत अर्थमन्त्रालयमा प्रक्रियामै रहेको निगमले उल्लेख जनाएको छ ।

निगमको उडानमा पर्न गएको असरले आर्थिक नोक्सानी मात्र नभई निगमको साख र इज्जतमा समेत नकारात्मक प्रभाव परेको भन्दै यसलाई व्यवस्थापनले गम्भीर रूपमा लिएको निगमको अपरेसन्स विभागका कामु निर्देशक दीपुराज ज्वारचनद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ । निगमलाई पर्ने आर्थिकलगायत सम्पूर्ण नोक्सानीको सम्बन्धमा नियमानुसार हुने जनाउँदै सम्पूर्ण विमानचालकलाई आ-आफ्नो रोस्टरअनुसार उडान सञ्चालन गर्न सूचित गरिएको छ ।

# उखु उत्पादनमा प्रदेशले सहयोग गर्ने

■ प्रभाव संवाददाता

**मोरङ–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशमा उखु उत्पादन वृद्धि गर्न तथा प्रवर्द्धनका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताएका छन् । 'नेपाल फार्मस एड्भाइजरी काउन्सिल प्रालि' सिनामंगल काठमाडौँद्वारा सोमबार विराटनगरमा आयोजित उखुखेती प्रवर्द्धनका लागि किसानको सीपमूलक तथा आय अभिवृद्धि अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले उखु उत्पादनमा वृद्धि, बजारीकरण र मूल्यका लागि आगामी तीन महिनाभित्र कृषक, उखु मिल र सरकारबीच त्रिपक्षीय छलफलसहित निष्कर्ष निकाली सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री कार्कीले प्रदेशमा कृषि उत्पादनमा वृद्धिका लागि कृषकले सिँचाइमा प्रयोग गर्ने विद्युत् र मलखादमा आवश्यक अनुदान दिने जानकारी दिए । उनले मुलुकमा रहेका उद्योगलाई आवश्यक पर्ने कृषि कच्चापदार्थ उत्पादन गर्न किसानलाई आग्रह गर्दै यसबाट आयात प्रतिस्थापन भई विदेशी मुद्रा बचत हुने उल्लेख गरे ।

तराईमा छिटो उत्पादन भई प्रतिफल दिने उखु, धान, सनपाट र मकैको उत्पादन प्रवर्द्धनका लागि आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम ल्याउनुका साथै बजेटको व्यवस्था गर्ने मुख्यमन्त्री कार्कीले जानकारी दिए । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले कृषकले आफ्नो उत्पादनको मूल्य आफै निर्धारण गर्न पाएमा मात्र उत्पादन वृद्धि हुने बताए । प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले प्रदेशमा छ हजार हेक्टरमा उखुखेती हुनाका साथै वार्षिक तीन लाख ५० हजार मेट्रिक टन उखु उत्पादन हुने जानकारी दिए ।

मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले कृषकलाई सिँचाइ, प्राविधिक ज्ञान, कृषि उत्पादनको उचित मूल्य निर्धारणमा गर्नुपर्ने सुझाव दिए । प्रदेश योजना आयोगका सदस्य सीताराम बस्नेतले उखु नगदे बाली भए पनि किसानले समयमा भुक्तानी नपाएर समस्या हुने गरेको बताए ।

'दी नेपाल डिस्ट्रिलरिज प्रालि' काठमाडौँका प्रमुख अधिकृत जनकराज रेग्मी र पूर्वसचिव डा योगेन्द्रकुमार कार्कीले स्वदेशी पुँजी विदेश जान नियन्त्रण गर्न, वैज्ञानिक खेती, उखु उत्पादनलाई आधुनिकीकरण गर्न, प्रविधिको प्रयोग, ज्ञान, मल, सिँचाइलगायत विषयमा किसानलई अभिमुखीकरण गर्नु कार्यक्रमको उद्देश्य रहेको बताए ।

एकदिने अभिमुखीकरण कार्यक्रममा नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिक जगतबन्धु अर्यालयले खुट्टी बालीको महत्व तथा उन्नत व्यवस्थापन र मलखाद, डा. दिलराज यादवले उखुका उत्कृष्ट जातहरू तथा उन्नत उत्पादन प्रविधि, उखु बालीको प्रमुख रोग र कीराहरू तथा तिनको व्यवस्थापन र पूर्वसचिव डा कार्कीले नेपालमा उखु खेतीको महत्व र सम्भावना विषयमा किसानलाई अभिमुखीकरण गर्ने कार्यक्रम रहेको छ । कार्यक्रममा मोरङ, झापा र सुनसरीका गरी ४० किसानको सहभागिता रहेको छ ।

# 'क्रेडिट रेटिङले नेपालमा पुँजी परिचालनका लागि अवसर देखायो'

**काठमाडौं (प्रस)–** बैंक तथा वित्तीय संस्था परिसंघ-नेपाल (सिबिफिन)ले नेपालको सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ) बाट लगानीकर्तामाझ पुँजी परिचालनका लागि ठूलो अवसर देखाएको जनाएको छ । सिबिफिनले प्रेस विज्ञप्ति जारी गर्दै क्रेडिट रेटिङबाट नेपालमा लगानीको वातावरण राम्रो रहेको मात्र नभइ सुरक्षित प्रतिफलको प्रत्याभूतिसमेत गराएको जनाएको छ ।

'दक्षिण एशियाका अन्य मुलुकमध्ये छिमेकी मित्रराष्ट्र भारतभन्दा पछिको दोस्रो उच्च सार्वभौम साख मूल्यांकनको प्राप्तिले नेपालको साख र विश्वसनीयता बढाएको मात्र छैन, यसले अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल सुरक्षित, विश्वसनीय र भरपर्दो स्थान भएको प्रमाणितसमेत गरेको छ', सिबिफिनको विज्ञप्तिमा उल्लेख छ । मुलुकको अर्थतन्त्रका बाह्य सूचकहरू बलियो स्थितिमा रहेका, पर्याप्त तरलतासहित न्यून ब्याजदर कायम हुँदाहुँदै पनि अपेक्षितरूपमा कर्जा लगानी विस्तार हुन नसकि आर्थिक गतिविधिले तीव्रता लिन नसकिरहेको वर्तमान सन्दर्भमा भएको यस मूल्यांकनले समग्र निजी क्षेत्रमा समेत विश्वासको वातावरण सिर्जना गरेको र लगानी विस्तार, कर्जा प्रवाह तथा पुँजी परिचालनको लागि ठूलो अवसर सिर्जना गरेको सिबिफिनको बुझाइ छ ।

बैंक तथा वित्तीय संस्थालाई बाह्य जगतबाट सहुलियत दरमा ऋण ल्याउन, पुनःबीमा कम्पनीले अन्य देशमा व्यवसाय विस्तार गर्न, धितोपत्र बजारलाई अन्तर्राष्ट्रियकरण गर्न, विदेशी बजारमा ऋण लिन तथा ऋणपत्र बिक्री गरी वित्तीय साधन जुटाउनका लागि क्रेडिट रेटिङको नतिजाले महत्वपूर्ण भूमिका खेल्ने विज्ञप्तिमा उल्लेख छ । अन्तर्राष्ट्रिय एजेन्सी 'फिच रेटिङ'द्वारा हालै गरिएको सार्वभौम साख मूल्यांकनमा नेपालले 'डबलबी माइनस' (बीबी-) रेटिङ पाएको छ ।

# पाँचखालमा 'सेज' निर्माण सुस्त

**काभ्रेपलाञ्चोक–** पाँचखालमा छ वर्षअघि निर्माण सुरु गरिएको विशेष आर्थिक क्षेत्र (सेज) निर्माणको कामले गति लिएको छैन । काभ्रेपलाञ्चोकस्थित पाँचखाल नगरपालिका वडा नं ७ र ८ मा सेज स्थापना गरिएको छ ।

सरकारले विसं २०६८ भदौ २७ को मन्त्रिपरिषद् बैठकले पाँचखालमा सेज स्थापना गर्ने निर्णय गरेको थियो । विसं २०७५ मा मात्रै औपचारिक रूपमा जग्गा प्राप्त गरी निर्माणको काम थालिएको थियो । निर्यातजन्य उद्योगको स्थापना गरी व्यापारघाटा कम गर्ने र औद्योगिकीकरणमार्फत अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यले सेज निर्माण गर्ने निर्णय भएको थियो तर सेजको नाममा जग्गा प्राप्ति भएको छ वर्ष बितिसक्दा पनि हालसम्म निर्माण गर्नुपर्ने पूर्वाधारलगायत काम भएका छैनन् । तीन वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्य राखिएको उक्त योजनाअन्तर्गत निर्माणधीन मुख्य प्रशासनिक भवनको काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

योजना अघि नबढेकामा कोरोना सङ्क्रमण तथा समयमा बजेट निकासा नहुनुलाई पनि कारण बनाइएको छ । यस्तै वार्षिक जम्मा रु पाँचदेखि १० करोड मात्र बजेट विनियोजन हुने भएकाले पनि समयमा कार्यसम्पन्न गर्न ढिलाइ भएको बताइन्छ । योजनाअन्तर्गत आवश्यक पूर्वाधार निर्माणका लागि रुख कटानको प्रक्रियालगायतका कारण निर्माणमा केही ढिलाइ भएको विशेष आर्थिक क्षेत्र प्राधिकरण पाँचखाल साइट कार्यालयका निमित्त प्रमुख तुलसीराम मरासिनीले बताए । उनका अनुसार आयोजनास्थलमा पर्ने रुख कटानको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । सेजभित्रका १४ हजार ११ रुख कटान गर्नुपर्ने भएकाले डिभिजन वन कार्यालयमार्फत वन विभागलाई सिफारिस गरिएको र विभागले रुख कटानको स्वीकृत दिने काम पनि अन्तिम चरणमा पुगेको मरासिनीले जानकारी दिए ।

सरकारले सेज स्थापनार्थ वन मन्त्रालयमार्फत तत्कालीन होक्से गाउँ विकास समितिको देवीस्थान सामुदायिक वनको छ सय रोपनी र शिखरपुर सामुदायिक वनको चार सय रोपनी गरी एक हजार रोपनी जमिन उपलब्ध गराएको थियो । एक हजार रोपनी वन उपलब्ध गराएबापत सरकारले वन मन्त्रालयलाई रु २० करोड रकम उपलब्ध गराएको थियो । सेज निर्माणअन्तर्गत हालसम्म पहुँचमार्ग, मुख्य प्रशासनिक भवन तथा सेज रहने स्थानमा तारबारको काम भएको छ । एक हजार रोपनी जमिनमध्ये २० रोपनीको रुख कटान गरी प्रशासनिक भवन निर्माण गरिएको हो ।

सेजको विस्तृत परियोजना रिपोर्ट (डिपिआर) तयार भई वातावरणीय प्रभाव मूल्यांकन (इआईए) र वातावरणीय व्यवस्थापन योजना (इएनटी) स्वीकृतसमेत भइसकेको मरासिनीले बताए । अब प्रशासनिक भवनलगायत काममा हालसम्म रु १५ करोड ५३ लाख ४९ हजार सात सय खर्च भएको छ । डिपिआर अनुसार सेजको लागि करिब १४ अर्ब खर्च हुने अनुमान गरिएको छ । पाँचखाल सेज निर्माण योजनामा प्रशासनिक भवन, सेवा भवन, सीमा-पर्खाल, बाल उद्यान, फोहर पानी प्रशोधन केन्द्र, रिफ्रेसमेन्ट सेन्टर, सार्वजनिक शौचालय, सवारीसाधन पार्किङ, खानेपानी ट्याङ्की निर्माण, खानेपानी प्रशोधन केन्द्र, विद्युत्को सब-स्टेशनलगायतका संरचना निर्माण उल्लेख छ । सेजमा ५२ निर्यातजन्य उद्योग स्थापना गर्न सकिने छ ।

भैरहवापछि प्राथमिकतामा राखिएको पाँचखाल सेजको सञ्चालनले चीनबाट हुने व्यापारलाई सहजीकरण हुने जनाइएको छ । चिनियाँ लगानीकर्ताको आकर्षण बढे पनि सोचेअनुसार काम नहुँदा भने उद्योगी व्यवसायी एवं स्थानीय चिन्तित भएको पाइन्छ । बहुप्रतीक्षित पाँचखाल सेज पाँचखालको मात्र नभएर काभ्रेपलाञ्चोकका साथै मुलुककै गौरवको विषय भएकाले यसको निर्माण कार्य छिटो सम्पन्न हुनुपर्नेमा माग छ । त्यसबेला सरकारले मुलुकभर १४ स्थानमा यस्ता सेज स्थापनाको अवधारणा ल्याइएको थियो ।

पाँचखालका नगरप्रमुख महेश खरेलले सेज उद्योग स्थापना एवं रोजगारीका लागि निकै महत्वपूर्ण भएकाले समयमै निर्माण हुनुपर्ने बताए । उनले काम छिटो सम्पन्न गराउन सेज केन्द्रीय कार्यालयमै पटक-पटक ध्यानाकर्षण गराइएको बताए । पाँचखाल सेजमा विशेष गरी चिया, कफी, अदुवा, अलैँची, आयुर्वेदिक औषधि, दूग्ध पदार्थलगायत कृषि, खनिज, आईटी र चीनबाट कच्चापदार्थ ल्याएर प्रशोधन गर्ने उद्योग बढी सम्भाव्यता देखिएको जनाइएको छ । *रासस*

एड्स तथा यौनरोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परिक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौँ-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ